# अध्याय : एक

# शोधपरिचय

## १.१ अध्ययनको पृष्ठभूमि

भाषा विचार विनिमयको सशक्त माध्यम हो । यो आर्जन र प्रयोगमा आधारित मानवीय व्यवहार हो । भाषा मानव मात्रले प्रयोग गर्ने विचार विनिमयको साधन हो । यसले एकातिर मानव सभ्यताको इतिहासलाई बचाएर राख्दछ भने अर्कोतिर यी मानव प्रयोगद्वारा नै जीवन्त बन्दछ । भाषाको आर्जन कुनै पनि व्यक्तिले समाजमा सामाजिक सम्बन्ध स्थापना गर्नका लागि गर्दछ । भाषा सिक्दा भाषिक सिपहरूका माध्यमबाट सिक्नु पर्दछ । भाषिक सिप भनेको भाषाका बारेमा मात्र जान्नु नभई भाषाका आधारभूत सिपहरूको बारेमा जान्नु हो । भाषाका आधारभूत सिप अन्तर्गत सुनाइ, बोलाइ, पढाइ र लेखाइ सिप पर्दछन् । यी सिपहरूमध्ये सुनाइ र पढाइ आदानात्मक सिप हुन् भने बोलाइ र लेखाइ प्रदानात्मक सिप हुन् । कुनै पनि भाषाका मौखिक र लिखित गरी दुई माध्यम हुन्छन् । मनका अन्तर्भावनाहरूलाई ध्वन्यात्मक सङ्केतका माध्यमले अभिव्यक्त गर्दा मौखिक रूपको प्रयोग हुन्छ भने ध्वन्यात्मक सङ्केतहरूलाई लिपिको प्रयोग गरेर अभिव्यक्त गर्दा लिखित भाषा तयार हुन्छ ।

भाषाका सिपहरूमध्ये लेखाइ सिप सुनाइ, बोलाइ र पढाइपछिको महत्त्वपूर्ण भाषिक सिप हो । आफ्नो मनमा लागेका विचार, धारणा, अनुभवलाई लिपिबद्ध भाषामा प्रस्तुत गर्नुलाई लेखाइ भनिन्छ । लेखाइ व्यक्तिगत आवश्यकता मात्र नभएर सामाजिक आवश्यकता पनि हो । आपसमा पत्राचार गर्न विभिन्न ग्रन्थ पढी बौद्धिकताको विकास गर्न आफूले जानेका सामाजिक, सांस्कृतिक आदि पक्षका अनुभवहरू, अरू समक्ष प्रस्तुत गर्न लेखाइ उपयोगी हुन्छ, लेखाइलाई शिक्षण सिकाइको महत्त्वपूर्ण अङ्ग मानिन्छ । शिक्षण सिकाइका क्रममा कतिपय भाषिक कार्यकलापहरू लेखाइका माध्यमबाट नै

सम्पन्न गरिने हुँदा तल्लो तहदेखि नै विद्यार्थीहरूमा लेखन क्षमता विकास गर्दै लैजानु जरुरी देखिन्छ ।

प्रतिवेदन लेखन भन्नाले कुनै घटना, समारोह, भ्रमण, तथ्यावालोकन, विषयगत अध्ययन, अनुसन्धान, प्रयोगात्मक कार्य आदिका साथै संघ संगठनका गतिविधि र क्रियाकलापलाई क्रमबद्ध रूपमा प्रस्तुत गरी त्यसका सम्बन्धमा आफ्नो राय सुझाव सहित लिखित रूपमा सम्बन्धित ठाउँमा पेसा गर्न तयार पारिएको विवरणलाई बुझिन्छ । कुनै पनि घटना, कार्यक्रम, सभा, समारोह आदिका बारेमा अध्ययन, अन्वेषण गरी तयार पारिएको लिखित विवरण नै प्रतिवेदन हो । यो कुनै पनि समस्या, घटनाको तथ्य पत्ता लगाउन तयार पारिन्छ । कुनै पनि घटना, दुर्घटना आदिका बारेमा अध्ययन गरी तयार पारिएको प्रतिवेदन सम्बन्धित निकायमा पेस गरिन्छ । यसको लेखनमा कुनै पनि विषय, घटनाको सत्य तथ्य आएको हुनुपर्दछ । प्रतिवेदन जुनसुकै विषय क्षेत्रसरूँग पनि सम्बन्धित हुन सक्छ । यसको आकार विषयवस्तुको प्रकृतिअनुसार सानो ठुलो हुन सक्दछ तर पनि सामान्यतया यो आदि, मध्य र अन्त्यको क्रममा लेख्न सकिन्छ ।

कक्षा ११ को पाठ्यक्रमले प्रतिवेदन लेखनभित्र कुनै घटना, कुनै कार्यक्रम आदिसँग सम्बन्धित रहेर उक्त विषयमा आधारित रहेर लेख्न सक्ने कुरालाई समेटेको पाइन्छ । सर्लाही जिल्लामा प्रतिवेदन लेखनसम्बन्धी कुनै पनि शोध नभएकाले र यो शीर्षक नै पहिलो शोधकार्य हो ।

## १.२ समस्याकथन

प्रतिवेदन लेखन लेखाइ सिपको महत्त्वपूर्ण आधार हो । विद्यार्थीहरूलाई माध्यमिक कक्षाहरूदेखि नै सम्बन्धित विषयमा प्रतिवेदन लेखन कार्यकलाप गराउनु पर्दछ । विद्यार्थीहरूले प्रतिवेदन लेखनमा के कस्ता दक्षता हासिल गरेका छन् र प्रतिवेदन लेखनमा यसको संरचनामा कसरी मिलाएर लेख्ने जस्ता तमाम समस्याहरू

रहेका हुन्छन् । प्रतिवेदन लेखन नै यस अध्ययनको मूल समस्या हो उक्त समस्या समाधानका लागि निम्नलिखित शोधप्रश्नहरू रहेका छन् :

(क) सर्लाही जिल्लाका कक्षा एघारका विद्यार्थीहरूको प्रतिवेदन लेखन क्षमता कस्तो छ ?

(ख) सर्लाही जिल्लाका कक्षा एघारका विद्यार्थीहरूको लैङ्गिकताका आधारमा छात्रछात्राको प्रतिवेदन लेखन क्षमता के-कस्तो छ ?

(ग) सर्लाही जिल्लाका कक्षा एघारका विद्यार्थीहरूको भाषिक पृष्ठभूमिका आधारमा प्रतिवेदन लेखन क्षमताको तुलनात्मक स्थिति के कस्तो छ ?

(घ) सर्लाही जिल्लाका कक्षा एघारका विद्यार्थीहरूको विद्यालयको प्रकृतिका आधारमा विद्यार्थीहरूको प्रतिवेदन लेखन क्षमता कस्तो छ ?

## १.३ शोध उद्देश्य

प्रस्तुत शोध समस्याको समुचित समाधानका लागि निम्नलिखित उद्देश्यहरू रहेका छन् :

(क) सर्लाही जिल्लाका कक्षा एघारका विद्यार्थीहरूको प्रतिवेदन लेखन क्षमता पहिचान गर्नु,

(ख) सर्लाही जिल्लाका कक्षा एघारका विद्यार्थीहरूको लैङ्गिकताका आधारमा प्रतिवेदन लेखन क्षमताको तुलना गर्नु,

(ग) सर्लाही जिल्लाका कक्षा एघारका विद्यार्थीहरूको भाषिक पृष्ठभूमिका आधारमा विद्यार्थीहरूको प्रतिवेदन लेखन क्षमताको तुलनात्मक स्थिति पत्ता लगाउनु,

(घ) सर्लाही जिल्लाका कक्षा एघारका विद्यार्थीहरूको विद्यालयको प्रकृतिका आधारमा विद्यार्थीहरूको प्रतिवेदन लेखन क्षमताको तुलनात्मक अध्ययन गर्नु ।

## १.४ शोधको औचित्य

प्रतिवेदन लेखन विधा अत्यन्तै आवश्यकीय विधा भएकाले उच्च माध्यमिक तह, पाठ्यक्रमले यसलाई स्वतन्त्र र निर्धारित लेखनका रूपमा सम्बोधन गरेको पाइन्छ । पूर्वकार्यको अध्ययनबाट आजसम्म सर्लाही जिल्लामा अध्ययन अनुसन्धान कार्य नभएकाले पनि प्रस्तुत शोध अध्ययन जो कोहीलाई पनि सत्मार्गदर्शन बन्ने आशा गरिएको छ ।

भाषाका सिपहरूमध्ये लेखाइ सिपले लिखित अभिव्यक्ति पक्षलाई अँगाल्दछ । कुनै पनि कार्यक्रम, घटनाको विस्तृत विवरण प्रस्तुत गर्दा लेखाइ सिप परीक्षणबाट मात्रै स्पष्ट हुन्छ । उच्च माध्यमिक तहका विद्यार्थीहरूको प्रतिवेदन लेखन क्षमता पहिचान गरी सोही बमोजिमका क्रियाकलापमा सरलता र सहजता मिल्ने अपेक्षा पनि यस अध्ययनबाट गरिएको छ ।

उच्च माध्यमिक तहका विद्यार्थीहरूको प्रतिवेदन लेखन क्षमता पहिचान गरी सोही बमोजिमका क्रियाकलापमा सरलता र सहजता मिल्ने अपेक्षा यस शोधपत्रबाट गरिएको छ । प्रतिवेदन लेखन लेखाइ सिप अन्तर्गत नै रहेकाले प्रतिवेदन लेख्न विद्यार्थीहरूले जाने शिक्षकहरूलाई पनि शिक्षण गर्न सहज हुनेछ भने पाठ्यक्रम निर्माताहरूलाई पनि फाइदा पुग्ने देखिन्छ । त्यस्तै विद्यार्थीहरूले लेखन क्षमता हासिल गरे शिक्षा प्रशासनलाई यो शिक्षण गराउन, थप योजना निर्माण गर्न सहयोग पुग्ने देखिन्छ । कुनै पनि व्यक्तिले भन्न खोजेको कुराहरू कसरी अभिव्यक्त गर्दछ भन्ने कुरा लेखाइ सिप परीक्षणबाट मात्रै स्पष्ट हुन्छ । यस आधारमा लक्षित तह र समूहका विद्यार्थीहरूको लेखाइ क्षमता पहिचान गरी सोही आधारमा भाषिक सिपसम्बद्ध पाठ्यांशलाई पाठ्यपुस्तक निर्माणका क्रममा छनोट र स्तरण गर्न यस प्रकारका अध्ययनहरूले सहयोग गर्दछ । विद्यार्थीहरूको लेखन क्षमता पहिचान गरी आवश्यक सामग्री र शैक्षणिक क्रियाकलाप सञ्चालनमा यस अध्ययनले आवश्यक सूचना दिइएको छ । यसै गरी गतिशील समयसँगै पाठ्यसामग्री शिक्षण प्रक्रिया र पद्धति

परिमार्जन गर्दै लैजान तथा विद्यार्थीहरूको भाषिक लेखन दक्षतासम्बन्धी अध्ययन गर्न चाहने अनुसन्धानकर्ताहरूलाई पनि प्रस्तुत अध्ययन सन्दर्भ सामग्रीका रूपमा महत्त्वपूर्ण ठहर्ने अपेक्षा गरिएको छ ।

## १.५ अध्ययनको सीमा

प्रस्तुत शोधकार्यलाई निम्नानुसार सीमामा रहेर अध्ययन गरिएको छ :

(क) प्रस्तुत अध्ययन सर्लाही जिल्लाका विभिन्न स्थानमा रहेका ५ सामुदायिक र ५ संस्थागत गरी १० वटा विद्यालयका १०० जना विद्यार्थीहरूमा सीमित रहेको छ ।

(ख) सर्लाही जिल्लाका लालबन्दी मलङ्गवा नगरपालिकाका र भक्तिपुर, गोडैताका विभिन्न विद्यालयहरूमा कक्षा एघारमा अध्ययनरत विद्यार्थीहरू मात्र अध्ययनका लागि छनोट गरिएको छ ।

(ग) शोधका लागि सङ्कलित तथ्याङ्कलाई लैङ्गिकता, भाषिक पृष्ठभूमि, सामुदायिक र संस्थागत विद्यालयका आधारमा मात्र विश्लेषण गरिएको छ ।

(घ) यस अध्ययन कक्षा एघारमा अध्ययनरत विद्यार्थीहरूको लेख्य रूपको प्रतिवेदन लेखन क्षमता परीक्षणसँग मात्र सीमित रहेको छ ।

(ङ) अध्ययनमा प्रत्येक विद्यालयबाट ५ जना छात्र र ५ जना छात्रा पर्ने गरी ५० छात्र र ५० छात्राहरूलाई मात्र सहभागी गरिएको छ ।

(च) अध्ययनको निष्कर्ष आफूले गरेका अध्ययनबाट प्राप्त तथ्याङ्कका आधारमा मात्र निकालिएको छ ।

## १.६ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रको रूपरेखा निम्नानुसार रहेको छ :

अध्याय एक : शोधपरिचय

अध्याय दुई : पूर्वकार्यको पुनरावलोकन र सैद्धान्तिक अवधारणा

अध्याय तिन : अध्ययन विधि र प्रक्रिया

अध्याय चार : सर्लाही जिल्लाका कक्षा एघारमा अध्ययनरत समग्र विद्यार्थीको प्रतिवेदन लेखन क्षमता

अध्याय पाँच : सर्लाही जिल्लाका कक्षा एघारमा अध्ययनरत समग्र विद्यार्थीहरूको लैङ्गिकता आधारमा प्रतिवेदन लेखन क्षमता

अध्याय छ : सर्लाही जिल्लाका कक्षा एघारमा अध्ययनरत समग्र विद्यार्थीहरूको भाषिक प्रकृतिका आधारमा प्रतवेदन लेखन क्षमता

अध्याय सात : सर्लाही जिल्लाका कक्षा एघारमा अध्ययनरत विद्यार्थीहरूको विद्यालयको प्रकृतिका आधारमा प्रतिवेदन लेखन क्षमता

अध्याय आठ : सारांश, निष्कर्ष र उपयोगिता

सन्दर्भ सामग्री सूची

परिशिष्ट

व्यक्तिवृत्त

# अध्याय : दुई

# पूर्वकार्यको पुनरावलोकन र सैद्धान्तिक अवधारणा

## २.१ पूर्वकार्यको पुनरावलोकन

अनुसन्धानका सिलसिलामा सम्बन्धित विषयमा त्यसअघि सम्पन्न गरिएका कार्यहरूको व्यवस्थित रूपमा अध्ययन गरी ती सबै कार्यको क्रमबद्ध समीक्षा गर्नु नै पूर्वकार्यको समीक्षा हो (बन्धु, २०६५: २८) । पूर्वकार्यको समीक्षाबाट आफूले गर्न लागेको अध्ययनसँग सम्बन्धित अध्ययन अनुसन्धान भए नभएका जानकारी प्राप्त गरी अनुसन्धानलाई उद्देश्यमूलक बनाउन सहयोग मिल्दछ ।

प्रस्तुत गरिएको अध्ययनसँग विद्यार्थीहरूको लेखन क्षमताको अध्ययनसम्बन्धी केही अध्ययन अनुसन्धान भएका छन् । प्रतिवेदन लेखनसँग सम्बन्धित रहेर नै कुनै पनि शोधपत्र तयार भएको पाइँदैन । लेखाइ सिप विकासका सन्दर्भमा केही पाठ्यपुस्तकहरूमा विषयवस्तु, समेटिएका पनि छन् । यहाँ विभिन्न विद्वान्हरूले तयार पारेका विभिन्न तहका पाठ्यपुस्तकहरू र लेखन अभिव्यक्ति क्षमतासँग सम्बन्धित रहेर अध्ययन भएको शोधपत्रको समीक्षा कालक्रमिक आधारमा गरिएको छ :

### २.१.१ पुस्तक समीक्षा

शर्मा (२०५४) द्वारा लिखित *शब्दरचना र वर्णविन्यास, वाक्यतत्त्व र अभिव्यक्ति र पाठहरू* शीर्षकको पुस्तकमा प्रतिवेदनलाई कुनै विषयमा जे भएको छ, त्यसबारे तथ्य, विचार र निष्कर्ष सहितको लिखित विवरण हो भनिएको छ । यस पुस्तकमा प्रतिवेदनहरू विभिन्न प्रकार र प्रकृतिका हुन्छन् भन्दै प्रस्तुतिका दृष्टिले प्रतिवेदन विवरणात्मक प्रतिवेदन, विश्लेषणात्मक प्रतिवेदन दैनन्दिन प्रतिवेदनको बारेमा चर्चा गरिएको पाइन्छ भने प्रतिवेदनको नमुना पनि प्रस्तुत गरिएको पाइन्छ । त्यस्तै यस

पुस्तकमा शीर्षक, परिचय, विवरण तथ्य, विश्लेषण, निष्कर्ष, प्रतिवेदनको हस्ताक्षरलाई प्रतिवेदनका ढाँचाका रूपमा प्रस्तुत गरिएको पाइन्छ ।

आचार्य (२०५८) द्वारा तयार पारिएको *आधारभूत नेपाली व्याकरण तथा रचना* शीर्षकको पुस्तकमा कुनै खास घटना वा वस्तु स्थितिका बारेमा सूक्ष्म अवलोकन वा गहन अनुसन्धान गरी तथ्यपूर्ण विवरण प्रस्तुत गर्नु प्रतिवेदन हो भनिएको पाइन्छ । प्रतिवेदन जतिसुकै लामो वा छोटो भए तापनि त्यसमा आदि, मध्य वा अन्त्यको संरचना मिलेको हुनुपर्दछ भन्दै लेखन शैलीको भिन्नताका आधारमा विवरणात्मक र विश्लेषणात्मक प्रतिवेदन हुने कुरा अघि सारिएको छ ।

अधिकारी (२०६३) द्वारा लिखित पाठ्यपुस्तक *नेपाली भाषा शिक्षण*मा शिक्षणका विभिन्न पक्षहरूका बारेमा चर्चा गर्ने क्रममा लेखाइ शिक्षणको चर्चा गरिएको छ । त्यसमा लेखाइ सिपको महत्त्व, आवश्यकता, लेखाइमा पाइने त्रुटिहरू, लेखाइ शिक्षणका कार्यकलापहरू आदि विषय समेटिएका छन् । लेखाइ सिप शिक्षणका कार्यकलापहरू अन्तर्गत प्रतिवेदन लेखनको सामान्य चर्चा गरिए पनि यस पुस्तकमा लेखन क्षमताका सम्बन्धमा भने चर्चा भएको पाइँदैन ।

शर्मा र अन्य (२०६४) द्वारा तयार पारिएको *अनिवार्य नेपाली* नामक पुस्तकमा कुनै घटना, कार्य, योजना आदिको वास्तविक अध्ययन, अवलोकन पश्चात् ती कुराहरूको सिलसिलेवार वर्णन गरी सम्बन्धित ठाउँमा बुझाइने वा सभासमक्ष प्रस्तुत गरिने लिखित विवरणलाई नै प्रतिवेदन लेखन हो भनी परिभाषित गरिएको पाइन्छ । प्रतिवेदन विभिन्न प्रकृति र प्रकारका आधारित भएर लेख्न सकिने कुरा बताइए पनि प्रतिवेदनलाई विवरणात्मक र विश्लेषणात्मक प्रतिवेदनको बारेमा मात्र चर्चा गरिएको छ ।

पा.वि.के. (२०६६) द्वारा *अनिवार्य नेपाली शिक्षण निर्देशिका*मा प्रतिवेदन लेखनको बारेमा चर्चा भएको पाइन्छ । उक्त निर्देशिकामा प्रतिवेदन लेखनको उद्देश्य

राखी स्नातक तह उत्तीर्ण गरी विभिन्न व्यवसायमा संलग्न हुने व्यक्तिले विभिन्न अवस्थाहरूको निरीक्षण र अध्ययन गरी प्रतिवेदन पेस गर्नु पर्छ भनी निरीक्षण प्रतिवेदन र अध्ययन प्रतिवेदनलाई मात्र सान्दर्भिक मानी यसको शिक्षण प्रक्रियाको बारेमा चर्चा गरिएको छ ।

गौतम, भण्डारी र ओझा (२०६९) द्वारा सहलेखनमा लेखिएको *स्नातक नेपाली*मा प्रतिवेदन लेखनलाई सामाजिक जीवनका कुनै घटना, क्रियाकलाप, कार्यक्रम, भ्रमण, योजना, सम्भाव्यता, समस्या आदिको अवलोकन, निरीक्षण गरी त्यस्ता घटना, कार्य आदिको यथार्थ विवरण, कारण, विशेषता, सम्भाव्यता ठम्याई आवश्यक सुझाव समेत प्रस्तुत गरी लेखिने लेखन हो भनी उल्लेख गरिएको पाइन्छ । यस्तै पुस्तकमा प्रतिवेदनलाई निरीक्षण प्रतिवेदन, अध्ययन प्रतिवेदन र आवधिक प्रतिवेदन गरी तिन प्रकारमा वर्गीकरण गरिएको पाइन्छ ।

पौडेल (२०६९) द्वारा लिखित *नेपाली भाषा शिक्षण* पुस्तकमा लेखाइ शिक्षणका कार्यकलापको चर्चा गर्ने क्रममा प्रतिवेदन लेखनको अभ्यास गराउने भनी प्रतिवेदन लेखनको चर्चा गरिएको पाइन्छ । प्रतिवेदन कुनै घटना, समस्या, वस्तुस्थिति, क्रियाकलाप आदिको अध्ययन, विश्लेषण र निरीक्षणसँग सम्बन्धित भएकाले यसमा विषयवस्तुसँग सम्बन्धित कुराहरूलाई क्रमबद्ध तुल्याई प्रस्तुत गरिन्छ भन्दै यसमा कल्पना र भावनाको उन्मुक्तिलाई स्थान दिइँदैन भनी प्रतिवेदन लेखनको सामान्य चर्चा भएको पाइन्छ ।

शर्मा र पौडेल (२०७२) द्वारा तयार गरिएको *नेपाली भाषा र साहित्य शिक्षण* पुस्तकमा भाषिक सिप तथा कलाका सन्दर्भमा चर्चा गर्ने क्रममा लेखन कलाका बारेमा चर्चा गरिएको छ । लिखित अभिव्यक्ति क्षमताको विकास गर्न प्रतिवेदन लेखन आवश्यक हुन्छ भन्दै प्रतिवेदन एउटा यस्तो विवरण हो जुन कुनै समसामयिक घटना, समस्या, वस्तुस्थिति वा क्रियाकलापको अध्ययन वा निरीक्षणमा आधारित हुन्छ भनी

यो कुनै घटना, कुनै समस्या, कुनै वस्तुस्थिति आदि विषयमा आधारित भएर लेख्न सकिने सन्दर्भ अघि सारिएको छ ।

### २.१.२ शोधपत्रको समीक्षा

लेखाइ सिपसँग सम्बन्धित रहेर विभिन्न शोधपत्रहरू तयार भएको पाइन्छ । तिनै शोधपत्रहरूको समीक्षा निम्नानुसार गरिएको छ :

सापकोटा (२०६४) द्वारा तयार पारिएको 'कक्षा नौ र दशका विद्यार्थीहरूको सारांश लेखन क्षमताको अध्ययन' नामक शोध प्रस्तुत शीर्षकसँग लेख्य रूपको परीक्षणका कारण मिल्दो छ । उक्त शोधको उद्देश्य कक्षा नौ र दशमा अध्ययनरत काठमाडौं, ललितपुर र भक्तपुर जिल्लाका विद्यार्थीहरूको सारांश लेखन क्षमताको पहिचान गर्नु, सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको सारांश लेखन क्षमताको तुलनात्मक अध्ययन गर्नु, कमीकमजोरी पत्ता लगाई निराकरणका निम्ति सुझावहरू दिनु रहेका छन् । उक्त शोधकार्यमा क्षेत्रीय सामग्री, विधि अन्तर्गत १०० जना विद्यार्थीहरूलाई नमुना जनसङ्ख्या मानी काठमाडौं, ललितपुर र भक्तपुर जिल्लाका सामुदायिक र संस्थागत विद्यालयका माध्यमिक तहका विद्यार्थीहरूको सारांश लेखन क्षमताको तुलनात्मक अध्ययन गरिएको छ । अध्ययनमा सामुदायिक विद्यालयका विद्यार्थीको तुलनामा संस्थागत विद्यालयका विद्यार्थीको क्षमता उच्च रहेको र समग्रमा विद्यार्थीहरूको सारांश लेखन क्षमता न्यून भएको निष्कर्ष निकालिएको छ ।

जोशी (२०६६) द्वारा 'कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको चिठी लेखन क्षमताको अध्ययन' शीर्षकमा शोधपत्र तयार पारिएको छ । प्रस्तुत अध्ययनमा कञ्चनपुर जिल्लाका विभिन्न ठाउँका ४० जना छात्र र ४० जना छात्रा गरी जम्मा ८० जना विद्यार्थीहरुलाई प्रतनिधि विद्यार्थी मानी अध्ययन गरिएको छ । यस अध्ययन संस्थागत र सरकारी, छात्र र छात्रा, मातृभाषी र विमातृभाषीको तुलनात्मक अधययन गर्नु, चिठी लेखनका कमीकमजोरीहरू पत्ता लगाई निराकरणका उपायहरू सुल्झाउनु

जस्ता उद्देश्यहरू उक्त शोधकार्यमा अवलम्बन गरिएको छ । तथ्याङ्क सङ्कलन प्राथमिक स्रोत, द्वितीय स्रोत, जनसङ्ख्या प्रतिनिधि, नमुना छनोट, सामग्री निर्माण जस्ता अध्ययन विधिहरू प्रयोग गरिएको छ । उक्त शोधपत्रमा नेपाली मातृभाषी विद्यार्थीहरू विमातृभाषीको तुलनामा सक्षम रहेको देखाइएको छ भने छात्र र छात्रा बिचको तथ्याङ्कलाई हेर्दा छात्रभन्दा छात्राको क्षमता कम रहेको देखाइएको छ । प्रस्तुत अध्ययन लेखन क्षमतासँग सम्बन्धित रहेकाले यस अध्ययनसँग सम्बद्ध रहेको पाइन्छ ।

थापा (२०६९) द्वारा तयार पारिएको 'सुर्खेत जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमताको अध्ययन' नामक शोध प्रतिवेदन छ । यो शोधको उद्देश्य सुर्खेत जिल्लाका निश्चित गाविस नतोकी दशवटा विद्यालयका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमताको पहिचान गर्नु, सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूबीच अनुच्छेद लेखनस्थिति पहिल्याउनु, लैङ्गिक आधारमा अनुच्छेद लेखन क्षमताको तुलनात्मक स्थिति पहिल्याउनु र उक्त कक्षाका विद्यार्थीहरूको अनुच्छेद लेखनका कमीकमजोरी पत्ता लगाई सुझाव दिनु रहेका छन् । उक्त शोधमा क्षेत्रीय सामग्री सङ्कलन विधि अन्तर्गत रही सुर्खेत जिल्लाका विभिन्न ठाउँका पाँच सामुदायिक र पाँच संस्थागत विद्यालयका कक्षा आठमा अध्ययनरत १०० जना विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमताको तुलनात्मक अध्ययन गरिएको छ । उक्त अध्ययनमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको तुलनामा संस्थागत विद्यालयका विद्यार्थीको अनुच्छेद लेखन क्षमता राम्रो भएको, समग्रमा विद्यार्थीको अनुच्छेद लेखन क्षमता मध्यम रहेको निष्कर्ष निकालिएको छ । उक्त शोधको उद्देश्य लेखन क्षमतामा केन्द्रित रहेको र अध्ययनीय शोधकार्य प्रतिवेदन लेखन क्षमतासँग सम्बन्धित छ ।

खत्री (२०७२) द्वारा तयार पारिएको 'रुकुम जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको चिठी लेखन क्षमताको अध्ययन' प्रस्तुत शोधशीर्षकसँग मिल्दो छ । यसमा रुकुम जिल्लाका कुनै पनि गा.वि.स. नतोकी कक्षा सातमा अध्ययनरत

विद्यार्थीहरूको चिठी लेखन क्षमता के कस्तो रहेको छ भन्ने बारेमा जानकारी दिइएको छ । उक्त शोधको उद्देश्य रुकुम जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको चिठीलेखन क्षमताको पहिचान गर्नु, लैङ्गिकताका आधारमा तुलनात्मक अध्ययन गर्नु, विद्यालयको प्रकृतिका आधारमा विद्यार्थीहरूको चिठी लेखन क्षमताको तुलनात्मक स्थिति पहिल्याउनु रहेको छ। उक्त शोधमा क्षेत्रीय विधि अन्तर्गत रही रुकुम जिल्लाका पाँच सामुदायिक र पाँच संस्थागत विद्यालयमा ५० जना छात्र र ५० जना छात्रा गरी जम्मा १०० जना विद्यार्थीहरूले देखाएको क्षमतालाई समग्रमा प्राप्त तथ्याङ्कको विश्लेषणबाट प्राप्त निष्कर्ष र शिक्षक प्रश्नावली विश्लेषणबाट प्राप्त निष्कर्ष निकालिएको छ । समग्रमा विद्यार्थीको चिठी लेखन क्षमता सन्तोषजनक पाइएको, रुकुम जिल्लाका विद्याथीृहरूको चिठीलेखन क्षमताको स्थिति प्रतिशतमा ६४.७५ प्रतिशत रहेको र सामुदायिक विद्यालयको तुलनामा संस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थीको चिठी लेखन क्षमता ७४.७५ प्रतिशत रहेकाले राम्रो रहेको निष्कर्ष निकालिएको छ ।

सिंह (२०७२) द्वारा ‘जाजरकोट जिल्लाका कक्षा दसमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमताको अध्ययन’ शीर्षकमा शोधपत्र तयार भएको छ । उक्त शोध लेखन सिपसँग सम्बन्धित भएको कारण यस शीर्षकसँग सम्बन्ध रहेको पाइन्छ। प्रस्तुत शोधको उद्देश्य जाजरकोट जिल्लाका विभिन्न स्थानका विद्यालयहरुमा कक्षा दशमा अध्ययन समग्र विद्यार्थीहरूको निबन्ध लेखनको क्षमताको अध्ययन गर्नु, विद्यालयको प्रकृति, भाषिक पृष्ठभूमि र लैङ्गिकताका आधारमा निबन्धलेखन क्षमताको तुलनात्मक स्थिति पहिल्याउनु रहेको छ। क्षेत्रीय अध्ययन विधि अन्तर्गत रही तयार गरिएको उक्त शोधकार्यमा जाजरकोट जिल्ला भित्रका जम्मा १० वटा विद्यालयका १०० जना विद्यार्थीहरूबाट अध्ययनका लागि सामग्री सङ्कलन गरिएको छ । जनसङ्ख्याको पहिचान, प्रतिनिधि नमुना छनोट जस्ता सर्वेक्षणात्मक विधिहरूको प्रयोग गरिएको यस शोधकार्यमा जाजरकोट जिल्लामा कक्षा १० मा अध्ययनरत विद्यार्थीहरूको निबन्ध लेखन क्षमता कमजोर रहेको, छात्रको तुलनामा छात्राको

निबन्धलेखन क्षमता निराशाजनक रहेको, विमातृभाषी विद्यार्थीहरूको निबन्धलेखन क्षमता कमजोर रहेको निष्कर्ष निकालिएको छ ।

सर्लाही जिल्लामा आजसम्म प्रतिवेदन लेखनसम्बन्धी शोधकार्य भएको पाइँदैन । यस कार्यका लागि पुस्तक समीक्षाबाट प्रतिवेदनको प्रकार, ढाँचा संरचना, सिद्धान्त निर्माण, विधि र प्रक्रियाको जानकारी प्राप्त भयो भने शोधपत्रको समीक्षाबाट तथ्याङ्को व्याख्या र विश्लेषण गर्न सहयोग पुगेको देखिन्छ ।

## २.२ पूर्वकार्यको अध्ययनको महत्त्व

पूर्वकार्य भनेको अनुसन्धेय विषयसँग सम्बन्धित पूर्वाध्ययन हो । पूर्वकार्यको समीक्षा राम्ररी नगरी गरिएका कतिपय अनुसन्धानहरूमा एउटै विषय दोहोरिने सम्भावना बढी हुने हुँदा अनुसन्धान कार्यलाई, सफल, प्रभावकारी र वैज्ञानिक बनाउनका लागि पूर्वकार्यको समीक्षा आवश्यक हुन्छ । आफ्नो अनुसन्धेय विषय र त्यससँग सम्बद्ध पक्षबारे जानकारी बढाउन भइ सकेका काम र हुन बाँकी काम थाहा पाउन, पूर्व अनुसन्धानका विधि र प्रक्रियाहरूको प्रभावकारिता र अप्रभावकारिताबारे थाहा पाउन तथा अनुसन्धानका परिणाम र तिनका उपयोगिताहरूको स्तर थाहा पाउन पूर्वकार्यको समीक्षाले ठुलो मद्दत गरेको हुन्छ । तसर्थ अनुसन्धानलाई उद्देश्यमूलक बनाई सही मार्गमा हिँडाउन प्रत्यक्ष अप्रत्यक्ष रूपमा सम्बन्धित पूर्व अध्ययनको महत्त्वपूर्ण भूमिका रहन्छ । अनुसन्धान कार्यमा पूर्वकार्यको समीक्षा अपरिहार्य रही आएको छ ।

समस्याको पहिचान गर्न, पूर्वकार्यको समीक्षाबाट शीर्षक चयन गरी विशिष्ट बनाउन, उद्देश्य निर्धारण गर्न, अनुसन्धानको प्राक्कल्पना तयार गर्न, अनुसन्धानको नवीन सिद्धान्तको अन्वेषण गर्न, अनुसन्धानको सैद्धान्तिक पृष्ठभूमि थाहा पाउन, अध्ययनको रूपरेखा तयार गर्न, समस्यालाई गहिरिएर बुझ्न, गम्भीर भएर विश्लेषण गर्न, अनुसन्धानको पद्धति र उपकरणका बारेमा जानकारी प्राप्त गर्न पूर्वकार्य अध्ययनको महत्त्वपूर्ण स्थान रहेको देखिन्छ ।

## २.३ सैद्धान्तिक अवधारणा

### २.३.१ परिचय

भाषा विचार विनिमयको सशक्त माध्यम हो । भाषाका माध्यमबाट जुनसुकै कुरा बुझ्न र बुझाउन सकिने हुँदा यसलाई माध्यम भनिएको हो । मानवलाई समाजबाट भाषा प्राप्त हुन्छ । आफ्नो सामाजिक सम्पर्क बढाउन भाषाको उपयोग गरिन्छ । भाषाका चार सिपका माध्यमबाट भाषाको विकास हुन्छ । यी मध्ये लेखाइ एक प्रमुख माध्यम हो । कुनै कुरा लेखेर अभिव्यक्त गर्ने लिखित अभिव्यक्तिलाई लेखाइ सिप भनिन्छ । लेखन सिप उच्चार्य ध्वनिद्वारा व्यक्त नभई लेख्य चिह्नद्वारा व्यक्त गरिने हुन्छ । वास्तवमा लेख्य भाषा औपचारिक शिक्षाको उपज हो । श्रोता वा सम्बोध्य गरिने व्यक्ति अज्ञात हुन्छ, त्यतिबेला लेखाइको आवश्यकता पर्दछ (पाण्डे, २०७१ : १०) । कुनै पनि कुरा पढेर त्यसलाई लामो समयसम्म राख्न पनि त्यसको लिखित रूप नै आवश्यकता पर्दछ । शिक्षण कार्यकलापको सिलसिलामा कुनै पनि महत्त्वपूर्ण कुरा टिपोट गर्नका लागि लेखाइ सिपलाई नै माध्यम बनाइन्छ । त्यसैले नेपाली विषयको परीक्षा प्रणालीमा अरू सिपभन्दा बढी लेखाइ सिपलाई नै प्राथमिकता दिइने हुनाले पनि यसको शिक्षण अपरिहार्य बन्न पुगेको हो । लेखन सिप विकासका लागि धेरै क्रियाकलापहरू रहेको पाइन्छ । यसमध्ये प्रतिवेदन लेखनलाई पनि लेखन कलाको एक महत्त्वपूर्ण स्थानको रूपमा लिने गरिएको पाइन्छ ।

प्रतिवेदन शब्द अङ्ग्रेजी भाषाको रिपोर्ट शब्दको पर्यायवाची शब्द हो (दाहाल, २०६६ : २२६) । प्रति भनेको कसैलाई उद्दिष्ट गर्नु हो र वेदन भनेको जाहेरी हो । कसैलाई उद्दिष्ट गरी वा सम्बोधित गरी लेखिएको एउटा जाहेरीका रूपमा प्रतिवेदनलाई लिइन्छ (शर्मा, २०५४ : २९०) । कुनै विषयमा जे भएको छ त्यसबारे तथ्य, विचार र निष्कर्ष सहितको लिखित विवरणलाई प्रतिवेदन भनिन्छ भने कुनै विषयमा पहिले के भएको छ, पछि के हुन सक्छ र त्यस विषयमा के के गर्नु बेस होला आदि पक्षसँग सम्बद्ध विवरण तयार पार्नु नै प्रतिवेदन लेखन हो (शर्मा, २०५४ : २९०) ।

प्रतिवेदन कुनै समस्या वा घटनासँग सम्बन्धित हुने भएकाले यसको सुरुदेखि अन्त्यसम्म वस्तुपरक घटनालाई सङ्कलन गरी तिनीहरूको तथ्यपरक विश्लेषणबाट तयार गरिन्छ ।

सामान्य अर्थमा प्रतिवेदन लेखन भन्नाले कुनै घटना, योजना, विषय, कार्य आदि विषयसँग सम्बन्धित तथ्यहरूको अनुसन्धान तथा जाँचबुझ गरी निष्कर्ष सहित तयार पारिएको वस्तुपरक लेखनलाई प्रतिवेदन लेखन भनिएको छ । कुनै घटनाका बारेमा जानकारी दिने उद्देश्यले प्रतिवेदन लेख्ने गरिन्छ । विगतका घटनाहरूको विश्लेषण गरी भविष्यमा गर्नुपर्ने कार्य प्रति सचेतता व्यक्त गर्ने कार्य प्रतिवेदन लेखनमा गरिन्छ । अनुसन्धान र खोजबाट फेला परेका तथ्यहरू र आफूले देखेका कुराहरूको सटिक प्रस्तुति नै प्रतिवेदनले भएकाले यो सत्यको नजिक हुन्छ । कुनै कार्य, घटनाका बारेमा जानकारी दिनका लागि प्रतिवेदन तयार पारिन्छ । यसरी कुनै पनि विषयको अध्ययन, अवलोकन, अनुभवबाट प्राप्त तथ्य कुराहरूको लिखित विवरणलाई नै प्रतिवेदन भनिएको पाइन्छ ।

### २.३.२ प्रतिवेदनको परिभाषा

कुनै कार्यक्रम घटनाको लिखित विवरणलाई प्रतिवेदन भनिन्छ । कुनै विषयमा आवश्यक जाँचबुझ गरी तयार गरिएको विवरणलाई प्रतिवेदन भनिएको पाइन्छ (बराल र एटम, २०६६ : १८०) । कुनै घटना, कार्य योजना आदिका सम्बन्धमा छानबिन पुछताछ आदि कार्य गरिसकेपछि सम्बन्धित अधिकारी वा सभा आदिका अगाडि प्रस्तुत गर्न तयार पारिएको विवरणलाई प्रतिवेदन भनिन्छ (पोखरेल, २०६७ : ८२१) । सामाजिक जीवनका कुनै घटना, क्रियाकलाप, कार्यक्रम, भ्रमण, योजना, सम्भाव्यता समस्या आदिको अवलोकन निरीक्षण गरी त्यस्ता घटना, कार्य आदिको यथार्थ विवरण कारण, विशेषता सम्भाव्यता ठम्याई आवश्यक सुझाव समेत प्रस्तुत गरी लेखिने लेखनलाई प्रतिवेदन लेखन भनिन्छ (गौतम, भण्डारी र ओझा, २०६९ : ४१८) । कुनै पनि विषयको अनुसन्धान, अनुभव, अध्ययन अवलोकनबाट प्राप्त तथ्य कुराहरूको

लिखित विवरण नै प्रतिवेदन हो (शर्मा र अन्य, २०६४ : २०२) । कुनै विषयमा जे भएको छ । त्यसबारे तथ्य, विचार र निष्कर्ष सहितको लिखित विवरणलाई प्रतिवेदन भनिन्छ (शर्मा, २०५४ : २९०) । प्रतिवेदन भनेको कुनै खास घटना वा वस्तुस्थितिका बारेमा सूक्ष्म अवलोकन वा गहन अनुसन्धान गरी तथ्यपूर्ण विवरण प्रस्तुत गर्नु हो (आचार्य, २०५८ : १९१) । प्रतिवेदन एउटा यस्तो विवरण हो , जुन कुनै समसामयिक घटना, समस्या, वस्तुस्थिति वा क्रियाकलापको अध्ययन वा निरीक्षणमा आधारित हुन्छ (पौडेल, २०७२ : १०२) । कुनै घटना, कार्य वा गतिविधिको अध्ययन गरी कसैलाई अवगत गराउन तयार पारिएको विवरणलाई प्रतिवेदन लेखन भनिन्छ (अधिकारी र भट्टराई, २०७२ : ९१६) ।

यसरी प्रतिवेदनका सम्बन्धमा विभिन्न विद्वान्हरूले भिन्न भिन्न दृष्टिकोणले व्यक्त गरेका छन् । कुनै पनि कार्यक्रमको बारेमा निष्कर्ष र सुझाव सहित लेखिने लिखित विवरण नै प्रतिवेदन हो । प्रतिवेदनले कुनै घटनाको सामान्य निरीक्षणदेखि गम्भीर अनुसन्धान समेतलाई समेट्छ । यो समसामयिक घटना, समस्या, क्रियाकलापसँग सरोकार राख्ने विषय हो । प्रतिवेदन लेखनमा सम्बन्धित विषयको पृष्ठभूमि, उद्देश्य, अध्ययन प्रक्रिया, विवरण, निष्कर्ष र सुझाव जस्ता कुराहरूलाई समावेश गरी तयार गर्नुपर्ने भएकाले यो आभ्यासिक तथा अनुसन्धानमूलक प्रकृतिको हुन्छ ।

### २.३.३ प्रतिवेदनको विशेषताहरू

विशेषता भन्नाले कुनै पनि वस्तुको गुणदोष बुझाउनु पनि हो । कुनै पनि विषयवस्तुमा भित्री गुण हुन आवश्यक हुन्छ । यदि त्यसमा भित्री गुण भएन भने त्यस विषयवस्तुको कुनै पनि औचित्य हुँदैन । अतः प्रतिवेदन लेखन गर्दा पनि विभिन्न किसिमका विशेषताहरूको आवश्यकता पर्दछ ।

वस्तुपरक शैलीको प्रयोग गरिनु, प्राविधिक प्रकृतिको रचना हुन, उपशीर्षकहरू राखिनु, निश्चित आवश्यकता पूर्तिका लागि लेखिनु, अध्ययन निरीक्षणबाट प्राप्त तथ्यहरू प्रस्तुत गरिनु, सामान्य भाषाको प्रयोग गरिनु, प्रतिवेदकको नाम राखिनु, विभिन्न प्रकृतिको हुनु, निश्चित संरचनामा आधारित हुनु जस्ता प्रतिवेदनका विशेषताहरू रहेका छन् ।

## २.३.४ प्रतिवेदन लेखनका कार्यकलाप

प्रतिवेदन लेखन शिक्षण गर्दा आवश्यकता अनुसार छलफल, व्याख्यान, प्रश्नोत्तर नमुना प्रस्तुति विधि अपनाएर जुन पाठ्यवस्तु शिक्षण गर्नुपर्ने हो उक्त पाठ्यवस्तुको परिचय, प्रयोजन र प्रकार बताउनु पर्दछ । विद्यार्थीहरूलाई प्रतिवेदनको विभिन्न नमुना देखाएर यसको आवश्यक तत्त्व, ढाँचा र प्रतिवेदन लेखनका चरणहरू बताउनु पर्दछ । विद्यार्थीहरूलाई प्रतिवेदन लेखनका लागि आवश्यक पर्ने सामग्रीहरू सङ्कलन गर्न लगाएर मिल्दा बुँदाहरूलाई भिन्न भिन्न समूहमा छुट्याउन लगाउने, बुँदाका आधारमा निष्कर्ष बुँदा निकाल्ने, निष्कर्षका आधारमा सुझाव तयार गर्न लगाउने समेत गर्नुपर्दछ । बुँदाहरुको वर्गीकरण तथा विश्लेषण गर्ने र विवेचनात्मक ढङ्गमा अनुच्छेद लेखी खेस्रा तयार पार्नुपर्दछ (शर्मा, २०५४ : २९२) । यी कार्य गरिसकेपछि उपयुक्त शीर्षक/उपशीर्षकको ढाँचा तयार गर्न लगाउने, सोही ढाँचा अनुसार कक्षा प्रतिवेदन लेख्न लगाउनु पर्दछ । विद्यार्थीहरूले लेखेको मध्ये सबैभन्दा उपयुक्त प्रतिवेदन कक्षाकोठामा सुनाउन लगाएर देखाएर आवश्यक सुझाव दिएर प्रेरित समेत गरिदिनु पर्दछ ।

## २.३.५ प्रतिवेदनको प्रकार

विभिन्न विषय, प्रसङ्ग, सन्दर्भ, समय आदिका आधारमा प्रतिवेदन लेखनका प्रकारहरू किटान गरिएका पाइन्छन् । यस सन्दर्भमा विभिन्न विद्वान्हरूले प्रतिवेदन लेखनको प्रकार विभिन्न किसिमको हुने बताएका छन् ।

गौतम, भण्डारी र ओझा (२०६९ : ४१८) ले प्रतिवेदनलाई उद्देश्यका आधारमा निरीक्षण प्रतिवेदन, अध्ययन प्रतिवेदन, आवधिक प्रतिवेदन गरी तिन प्रकारमा विभाजन गरी चर्चा गरेका छन् ।

त्यस्तै पा.वि.के. (पा.वि.के. २०६६ : १२१) ले निरीक्षण र अध्ययन प्रतिवेदनको चर्चा गरेको पाइन्छ । यसैगरी शर्मा (शर्मा, २०५४ : २९०) ले प्रस्तुतिका दृष्टिले प्रतिवेदनहरू मुख्यतः विवरणात्मक, विश्लेषणात्मक र दैनन्दिन प्रतिवेदन हुने बताएका छन् । शर्मा र अन्य (२०६५ : २०५) ले प्रतिवेदनलाई विवरणात्मक र विश्लेषणात्मक प्रतिवेदन भनी दुई प्रकारमा बाँडेको पाइन्छ । यसरी प्रतिवेदन विभिन्न विषय, प्रकृति र प्रकारमा आधारित भएर लेख्न सकिन्छ ।

प्रतिवेदन विभिन्न किसिमका हुने भने पनि यो अनुसन्धान प्रतिवेदन, भ्रमण प्रतिवेदन, सभागोष्ठी सम्बन्धी प्रतिवेदन, प्रहरी प्रतिवेदन, प्रशासनिक प्रतिवेदन, अध्ययन प्रतिवेदन, कानुनी प्रतिवेदन, आर्थिक प्रतिवेदन, व्यावसायिक प्रतिवेदन आदि विभिन्न विषयलाई ग्रहण गरेर प्रतिवेदन तयार पार्न सकिन्छ । प्रतिवेदनलाई उद्देश्य, समय र शैलीका आधारमा विभिन्न प्रकारमा विभाजन गर्न सकिन्छ :

### २.३.५.१ प्रस्तुतिका आधारमा

प्रतिवेदन प्रस्तुत गर्दा कुन माध्यमले प्रस्तुत गर्ने हो । सो आधारमा प्रतिवेदनलाई दुई प्रकार (शर्मा, २०५४ : २९०) मा वर्गीकरण गर्न सकिन्छ -

**(क) विवरणात्मक प्रतिवेदन**

सामान्य अवलोकनका आधारमा सूचना दिने उद्देश्यले लेखिएको प्रतिवेदनलाई विवरणात्मक प्रतिवेदन भनिन्छ । कुनै घटना, कार्यक्रम, भ्रमण, वनभोज, समसामयिक समस्याका बारेमा प्रतिवेदन तयार गर्दा विवरणात्मक लेखन पद्धतिको उपयोग गरेर लेखिन्छ ।

### (ख) विश्लेषणात्मक प्रतिवेदन

तथ्यहरूको गम्भीरतापूर्वक अध्ययन गरी विश्लेषणात्मक ढङ्गले लेखिएको प्रतिवेदनलाई विश्लेषणात्मक प्रतिवेदन भनिन्छ । विषयवस्तुको गहन रूपले अध्ययन गरी विवेचनात्मक रूपले प्रस्तुत गर्दा यस्तो लेखन पद्धतिको प्रयोग गरिन्छ । कुनै दुर्घटना, कुनै खास समय कुनै आयोजनाको सम्भाव्यता जस्ता विषयमा प्रतिवेदन तयार गर्दा यो लेखन पद्धतिको उपयोग गरेर लेखिन्छ ।

## २.३.५.२ समयको आधारमा

कुन समयमा प्रतिवेदन पेस गर्ने हो । सो आधारमा प्रतिवेदनलाई निम्न छ ( शर्मा र अन्य, २०६५ : २०५) प्रकारमा वर्गीकरण गर्न सकिन्छ -

### (क) दैनिक प्रतिवेदन

एक दिनमा घटेका घटना, कार्यक्रम, अनुभव आदि समेटेर लेखिने अनुसन्धानमूलक विवरणलाई दैनिक प्रतिवेदन भनिन्छ ।

### (ख) साप्ताहिक प्रतिवेदन

सात दिनमा घटेका घटना, कार्यक्रम, अनुभव आदिलाई समेटी लेखिने प्रतिवेदन साप्ताहिक प्रतिवेदन हो । यो एक हप्तामा घटेका घटनाहरूको खोजमूलक ढङ्गबाट अनुसन्धान गरी जानकारी दिइन्छ ।

### (ग) पाक्षिक प्रतिवेदन

दुई हप्तामा घटेका घटना, भोगेका अनुभव, गरेका कार्यक्रम आदिलाई समेटी लेखिने खोजमूलक लिखित विवरण नै पाक्षिक प्रतिवेदन हो ।

**(घ) मासिक प्रतिवेदन**

एक महिनासम्म भोगेका, घटेका, अनुभव गरेका घटना एवं कार्यक्रम आदिलाई समेटी निष्कर्ष र सुझाव सहित लेखिने लिखित विवरणलाई मासिक प्रतिवेदन भनिन्छ ।

**(ङ) अर्धवार्षिक प्रतिवेदन**

छ महिनासम्म घटना विभिन्न कार्यक्रम, अनुभव आदि कुराहरूलाई समेटेर सम्बन्धित ठाउँमा बुझाउनका लागि पेस गरिने लिखित विवरणलाई नै अर्धवार्षिक प्रतिवेदन भनिन्छ ।

**(च) वार्षिक प्रतिवेदन**

एक वर्षसम्म घटेका घटना कार्यक्रम आदिलाई समेटी कुनै संस्था समक्ष समेटेर प्रस्तुत गर्ने प्रतिवेदनलाई वार्षिक प्रतिवेदन भनिन्छ ।

### २.३.५.३ उद्देश्यका आधारमा

उद्देश्यका आधारमा प्रतिवेदनलाई तिन प्रकार (गौतम, भण्डारी र ओझा, २०६९ : ४१८) मा वर्गीकरण गर्न सकिन्छ :-

**(क) निरीक्षण प्रतिवेदन**

कुनै समस्या, घटना, क्रियाकलाप आदिको अवलोकन गरी त्यसबाट प्राप्त तथ्यका आधारमा लेखिने लिखित विवरण निरीक्षण प्रतिवेदन हो । निरीक्षण प्रतिवेदन शैक्षिक, सामाजिक एवम् राजनैतिक सन्दर्भका समस्याहरूलाई अवलोकन गरी प्रतिवेदन तयार गर्दा यो लेखन पद्धतिको उपयोग गरेर लेखिन्छ ।

**(ख) अध्ययन प्रतिवेदन**

कुनै घटना, समस्या, वस्तुस्थिति, सम्भाव्यता आदिको अध्ययन गरी लेखिने प्रतिवेदन अध्ययन प्रतिवेदन हो । विभिन्न प्रकारका घटना, बस दुर्घटना आदि जस्ता

घटनाको अध्ययन गरी अध्ययन प्रतिवेदन तयार गरिने भएकाले यस्तो प्रतिवेदन तयार गर्दा घटनाको निरीक्षण, परीक्षण, सोधखोज आदि गरेर यो प्रतिवेदन लेखिन्छ ।

**(ग) आवधिक प्रतिवेदन**

कुनै पनि घटना, अवस्था, वस्तुस्थितिको निश्चित समय अवधिमा गरिने प्रतिवेदन नै आवधिक प्रतिवेदन हो । यस्तो प्रतिवेदन कुनै क्रियाकलापको एउटा निश्चित समयको स्थितिलाई मात्र सङ्केत गर्ने हुनाले यस्तो प्रतिवेदनलाई कम महत्त्व दिएर लेखिन्छ ।

### २.३.६ प्रतिवेदन लेख्दा ध्यान दिनुपर्ने कुराहरू

कुनै घटना, विषय, योजना आदिलाई आवश्यक रूपमा खोज अनुसन्धान गरी तयार गरिएको लिखित विवरण प्रतवेदन हो । कुनै घटना, भ्रमण, योजना आदिका बारेमा राम्रोसँग अध्ययन अनुसन्धान गरी आफ्नो निष्कर्ष सहित लेखिएको प्रतिवेदन नै उत्कृष्ट ठहर्दछ । प्रतिवेदन निश्चित संरचनामा आधारित हुने भएकाले यो लेख्दा निकै ध्यान पुऱ्याउनु पर्छ । प्रतिवेदन प्राविधिक प्रकृतिको रचना भएकाले यसको लेखनमा विभिन्न कुराहरूलाई ध्यान दिनुपर्दछ ।

प्रतिवेदनको विषयको चयन गर्दा कुन शीर्षकसँग सम्बन्धित भएर लेख्ने हो सो बारेमा स्पष्ट हुनुपर्दछ । विषयको गहन अध्ययन गरी आवश्यक तथ्यपूर्ण सामग्री, बुँदाहरू सङ्कलन गर्नुपर्दछ । विभिन्न बुँदामा टिपेका सामग्रीलाई आदि, मध्य र अन्त्यको रूपमा संगठित गर्नुपर्छ । घटना, कार्य, योजनालाई क्रमबद्ध रूपमा मिलाउनुपर्छ । प्रतिवेदनको भाषा विवरणात्मक वा वर्णनात्मक तथा विश्लेषणात्मक हुनुपर्छ । प्रतिवेदन प्रायः अन्य पुरूष शैलीमा लेखिन्छ । प्रतिवेदनमा सामान्य भूत वा पूर्ण भूतका वाक्यहरू प्रयोग गर्नुपर्दछ । निष्कर्ष र सुझाव खण्डमा वर्तमान काल वा भविष्यत् कालका ढाँचाका वाक्य प्रयोग गर्नुपर्दछ । प्रतिवेदनको अन्तिममा बायाँपट्टि तिथिमिति र दायाँपट्टि प्रतिवेदकको नाम, पद र संस्था लेख्नुपर्छ ।

यसरी लेखिने प्रतिवेदनको आदि भागमा प्रतिवेदन लेखनको विषयको बारेमा सामान्य जानकारी दिनुपर्दछ । मध्य भागमा प्रतिवेदन लेखनका लागि सङ्कलित तथ्यहरूको विश्लेषण क्रमबद्ध रूपमा सङ्क्षेपमा प्रस्तुत गर्नुपर्दछ र अन्त्यमा तथ्यहरूको विश्लेषणबाट प्राप्त निष्कर्ष दिई आवश्यक सुझाव दिनुपर्दछ ।

### २.३.७ प्रतिवेदनको संरचना

प्रतिवेदनको सुरुदेखि अन्तिमसम्मको बनोट नै प्रतिवेदनको संरचना हो । प्रतिवेदनको संरचना त्यसका विभिन्न आवश्यक अंगहरू (तत्त्वहरू) बाट हुने कुरा शर्मा (शर्मा, २०५४ : २९१) ले बताएका छन् ।

**प्रतिवेदनको संरचना : संगठन, ढाँचा र विस्तार**

| संगठन : अङ्गहरू | ढाँचा : प्रस्तुति | विस्तार : अनुच्छेद |
|---|---|---|
| (१) आदिभाग | (क) शीर्ष (सम्बोधन)<br>(ख) परिचय, पृष्ठभूमि | १ |
| (२) मध्यभाग | (क) विवरण तथ्य<br>(ख) विश्लेषण | २-३ |
| (३) अन्त्यभाग | (क) निष्कर्ष, सुझाव<br>(ख) प्रतिवेदकको हस्ताक्षर | १ |

प्रतिवेदनको स्वरूप वा बनोटमा रहने संख्यक तत्वहरूलाई प्रतिवेदनको संरचना तत्व (पा.वि.के., २०६६ : १२२) भनिन्छ । प्रतिवेदनको संरचनामा परिचय, मुख्य विचरण (मुख्य भाग) र निष्कर्ष तथा सुझाव हुने कुरा पाठ्यक्रम विकास केन्द्र (पा.वि.के., २०६६ : १२३) ले बताएको पाइन्छ ।

प्रतिवेदनको बाह्य ढाँचा स्मरण पत्र शैली जस्तै हुने कुरा पा.वि.के. (पा.वि.के., २०६६ : १२५) ले बताएको छ :

प्रतिवेदनको ढाँचा

विषय शीर्षक

प्रतिवेदनको परिचय भाग

प्रतिवेदनको मुख्य विवरण/मुख्य भाग

निष्कर्ष र सुझाव

मिति | प्रतिवेदकको नाम

यसरी प्रतिवेदनको उद्देश्य तथा प्रयोजन अनुसार यसको आकार, संरचना र तत्त्व भिन्नाभिन्नै भए पनि सामान्यतया प्रतिवेदनको संरचना यस प्रकार रहेका छन् -

**(अ) प्रारम्भ**

प्रारम्भ भाग प्रतिवेदनको परिचय खण्ड हो । प्रतिवेदन कुन विषयमा लेखिएको हो, यसको उद्देश्य के हो, कुन स्थानमा लेखिएको हो, कुन मितिमा लेखिएको हो, मिति खुल्ने गरी सानो एक अनुच्छेदमा परिचय यही प्रारम्भ खण्डमा नै दिनुपर्छ ।

**(आ) विस्तार**

विस्तार भाग प्रतिवेदनको विवरण खण्ड हो । यसलाई प्रतिवेदनको मुख्य खण्ड मानिन्छ । यसमा कुनै कार्यक्रम, गोष्ठी घटनाको सम्पूर्ण विवरण प्रष्टसँग लेख्नुपर्ने भएकाले यसमा मुख्य विषयको वर्णन गरिएको हुन्छ । कुनै महत्त्वपूर्ण व्यक्तिको विचार वा भनाई पनि यही खण्डमा समेट्नु पर्ने भएकाले आवश्यकता अनुसार यो एक वा एकभन्दा बढी अनुच्छेदमा फैलिएको हुन्छ ।

**(इ) निष्कर्ष र सुझाव**

निष्कर्ष र सुझाव प्रतिवेदनको अन्तिम खण्ड हो । यसमा मूल भागको सम्पूर्ण वर्णनको निष्कर्ष स्वरूप प्रस्तुत छुट्टाछुट्टै अनुच्छेदमा पनि प्रस्तुत गरिन्छ ।

### २.३.८ प्रतिवेदन लेखनको आवश्यकता, महत्त्व र प्रयोजन

शिक्षणका क्रममा लेखन सिपको महत्पूर्ण भूमिका हुन्छ । लेखन सिप अन्तर्गत प्रतिवेदन लेखन पनि पर्दछ । भाषा शिक्षणका क्षेत्रमा प्रतिवेदन लेखनलाई उपयोग गरेर विद्यार्थीहरूमा विभिन्न किसिमका भाषिक सिपहरूको विकास गराउन सकिन्छ । लेखाइलाई अनुभव, भावमा र ज्ञानको अभिव्यक्त गर्ने माध्यम मात्र नभई ती अनुभव ज्ञानको प्रचार - प्रसार एवं संहार गर्ने माध्यम पनि मानिन्छ । अभिव्यक्तिका अरु प्रकाभन्दा भिन्न प्रतिवेदन लेखनको भाषिक क्षमता अभिवृद्धिका लागि खास शैक्षिक तहदेखि नै प्रतिवेदन लेखनको अभ्यास आवश्यक हुन्छ । विभिन्न घटना, समारोह र भ्रमणसँग सम्बन्धित शैक्षिक परिवेशनका विभिन्न विषय शीर्षकहरूमा स्मरण पत्र ढाँचामा संक्षिप्त निरीक्षण प्रतिवेदन तयार गर्न प्रतिवेदन लेखनको आवश्यकता पर्दछ ( पा.वि.के., २०६६ : १२०) ।

कुनै पनि कार्यक्रम घटना योजना आदि पश्चात् ती कार्यक्रमहरूको लेखाजोखा गरी तथ्यपरक सूचना प्रस्तुत गर्न, आवश्यक सुझाव सहित सम्बन्धित संस्थासमक्ष पेस गर्न पनि प्रतिवेदनको आवश्यकता पर्दछ । शब्दभण्डार अभिवृद्धि गर्न, प्रतिवेदनको संरचना थाहा पाउन, सूचनाहरू प्रदान गर्न, भाषागत सामर्थ्यको विकास गर्न, तथ्यपरक जानकारी प्रदान गर्नका लागि यसको आवश्यकता पर्दछ । यसरी उ.मा.वि. तहका विद्यार्थीका लागि भाषिक सिप विकासका साथसाथै तथ्यपरक वर्णन, सिलसिला पूर्ण, वर्णन, आफूले भोगेका घटना, कार्यक्रम, योजना आदिको अध्ययन गरी सम्बन्धित ठाउँमा प्रस्तुत गर्नका लागि प्रतिवेदन लेखनको आवश्यकता पर्ने देखिन्छ ।

### २.३.९ लेखाइ सिप र प्रतिवेदन लेखनको सम्बन्ध

कुनै पनि मनमा लागेका कुराहरूलाई लेखेर अभिव्यक्त गर्ने माध्यमलाई लिखित अभिव्यक्ति भनिन्छ । भाषाका चार सिपमध्ये महत्त्वपूर्ण मानिने लेखाइ सिपलाई भाषिक अभिव्यक्तिका विविध रूपहरू मध्ये लेखाइ सिप एक महत्त्वपूर्ण सिप हो । लेखाइलाई

अनुभव, भावना र ज्ञानको अभिव्यक्त गर्ने माध्यम मानिन्छ । लेखाइ सिप विकास गराउन चित्रवर्णन, अनुलेखन, श्रुतिलेखन, पत्रलेखन, कथालेखन, अनुच्छेदलेखन, निबन्धलेखन, प्रतिवेदनलेखनजस्ता लेखनसँग सम्बन्धित कार्यकलापहरू गराइन्छ (पौडेल, २०६९ : २१) । भाषिक संरचना तथा शब्द भण्डारहरूको ज्ञान हुनु लेखाइ सिप विकास गर्नका लागि महत्त्वपूर्ण मानिन्छ ।

प्रतिवेदन लेखन लिखित अभिव्यक्ति सिप विकासको उत्तरवर्ती कार्यकलाप हो अर्थात् लिखित अभिव्यक्ति विकास भइसकेका विद्यार्थीहरूको अन्त्यमा प्रतिवेदन लेख्न लगाइ मूल्याङ्कन गरेर पनि लेखन क्षमताको विकास गर्न सकिन्छ । पत्रलेखन, सारांशलेखन, निबन्धलेखन, कथालेखन जस्ता लेख्न क्षमतामा सक्षमता हासिल गरेकाहरूले नै प्रतिवेदन लेख्न सक्छन् । यतिका लागि मात्र सीमित होइन् यो त जुनसुकै कार्यालयका लागि पनि आवश्यक भइसकेको पाइन्छ । यसरी लेखाइ सिप र यही लेखाइ सिपको उत्तरवर्ती कार्यकलापमा प्रतिवेदन लेखन शिक्षण गरिने भएकाले पनि यिनीहरू बिचको सम्बन्ध सुमधुर रहेको पाइन्छ ।

# अध्याय : तिन

# अध्ययन विधि र प्रक्रिया

## ३.१ अध्ययन विधि

अनुसन्धान कार्यमा अनुसन्धान कर्ताद्वारा समस्याको समाधान गर्न अपनाइने विधिलाई अनुसन्धान विधि भनिएको पाइन्छ । अनुसन्धान आफै एक जटिल कार्य भएकाले यसमा विभिन्न प्रकारका विधिहरू अपनाउनु आवश्यक देखिन्छ । प्रस्तुत अध्ययनको स्वरूप गुणात्मक र मात्रात्मक दुवै भएकाले सर्लाही जिल्ला भित्रका विद्यालयमा विद्यार्थीहरूको अध्ययन मार्फत् क्षेत्रीय अध्ययन विधि, सर्वेक्षण विधिको प्रयोग गर्दै प्रस्तुत अध्ययनको स्वरूप तयार पारिएको छ ।

## ३.२ अध्ययन प्रक्रिया

अध्ययनमा अवलम्बन गरिएका प्रक्रियाहरूको प्रस्तुत विवरण निम्नानुसार छ :

### ३.२.१ जनसङ्ख्याको पहिचान

सर्लाही जिल्लाका २०७३ सालमा कक्षा एघारमा अध्ययनरत सम्पूर्ण विद्यार्थीहरूलाई जनसङ्ख्याको रूपमा लिइएको छ ।

### ३.२.२ प्रतिनिधि नमुना छनोट

प्रस्तुत अध्ययनमा सम्पूर्ण विद्यार्थीहरूलाई जनसङ्ख्याको परिधिभित्र सामेल गराउन असम्भव भएकाले सम्पूर्ण विद्यार्थीहरूको प्रतिनिधित्व गर्ने किसिमले नमुना छनोट गरिएको छ । अध्ययनमा सम्पूर्ण जनसङ्ख्याको प्रतिनिधित्व गराउन सम्भावना नमुना छनोट विधि अन्तर्गत सरल यादृच्छिक नमुना छनोट विधि अपनाइएको छ । यस विधिमा सबै जनसङ्ख्याको सूचीलाई भाँडोमा राखी चिठ्ठा विधि अपनाइएको छ । छनोट गर्ने क्रममा सर्लाही जिल्ला अन्तर्गत पर्ने दशवटा उ.मा.वि.हरूमा अध्ययनरत

विद्यार्थीहरू मध्येबाट फरकफरक भाषिक पृष्ठभूमि, फरक विद्यालयको प्रकृति, लैङ्गिकता र भाषिक पृष्ठभूमि भएका पाँचवटा सामुदायिक र पाँचवटा संस्थागत विद्यालयहरूको चयन गरी प्रत्येक विद्यालयबाट ५ जना छात्र र ५ जना छात्रा पर्ने गरी जम्मा १०० जना विद्यार्थीहरूलाई नमुना छनोट विधिको अवलम्बन गरिएको छ ।

### ३.२.३ तथ्याङ्क सङ्कलनका स्रोत

प्रस्तुत अध्ययनमा तथ्याङ्क सङ्कलनका स्रोतका रूपमा निम्नलिखित स्रोत अपनाइएको छ :-

#### ३.२.३.१ प्राथमिक स्रोत

प्रस्तुत अध्ययन सर्लाही जिल्लाका कक्षा एघारमा अध्ययनरत विद्यार्थीहरूको प्रतिवेदन लेखन क्षमताको अध्ययनमा केन्द्रित रहेको छ । यस अध्ययनमा नमुना छनोट गरिएका विद्यालयका विद्यार्थीहरू र प्रतिवेदन लेखनसम्बन्धी निर्माण गरिएका प्रश्नपत्र प्राथमिक स्रोतमा रूपमा रहेको छ ।

#### ३.२.३.२ द्वितीयक स्रोत

प्रस्तुत अध्ययन शीर्षकको प्रकृति अनुसार निश्चित पूर्व अध्ययनका सामग्रीहरू, पत्रपत्रिकाहरू, लेखरचनाहरू, पाठ्यपुस्तकहरू लगायतका अन्य सामग्रीहरूलाई द्वितीयक स्रोतका रूपमा लिइएको छ ।

### ३.२.४ सामग्री निर्माण

प्रस्तुत अध्ययनका लागि सामग्री निर्माण गर्दा अध्ययनको उद्देश्य परिपूर्ति गर्न अदृष्टांश शीर्षक 'विद्यालयको वार्षिक उत्सव समारोह' राखी प्रतिवेदन लेख्न लगाई सामग्री संकलन गरियो ।

### ३.२.५ पूर्वपरीक्षण

पूर्वपरीक्षणका लागि वेणीभोला नमुना उ.मा.वि. गोडैताका दस जना विद्यार्थीहरूलाई 'विद्यालयको वार्षिक उत्सव समारोह' र 'आफूले गरेको कुनै क्षेत्रको शैक्षिक भ्रमण' शीर्षकमा प्रतिवेदन लेख्न लगाइएको थियो । पूर्व परीक्षण गरी उत्तर पुस्तिकालाई सङ्कलन गरेर नतिजा विश्लेषण गरिएको थियो । उत्तर पुस्तिका जाँच्दा पहिलो शीर्षकको मध्यमान ५२.३४ आएकाले विद्यालयको वार्षिक उत्सव समारोह शीर्षक उपयुक्त देखिएकाले यही शीर्षकलाई अन्तिम रूप दिई प्रतिवेदन लेख्न लगाइएको थियो ।

### ३.२.६ सामग्री सङ्कलन

अध्ययनका लागि परीक्षणीय सामग्रीलाई अन्तिम रूप प्रदान गरिसकेपछि सम्बन्धित विद्यालयमा गई प्रधानाध्यापक र विषय शिक्षकसँग सम्पर्क गरी परीक्षणका लागि विद्यार्थीहरू उपलब्ध गराइ दिनु हुन अनुरोध गरियो । त्यसपछि विद्यार्थीहरूलाई शान्त र मर्यादित वातावरणमा परीक्षा सञ्चालन गर्नुपूर्व परीक्षामा उनीहरूले पालना गर्नुपर्ने नियमहरूको बारेमा जानकारी गराइयो । परीक्षणको समयावधि तोकेर परीक्षा सञ्चालन गरियो । निर्धारित प्रतिवेदन लेखनको शीर्षकमा ४५ मिनेटको समयमा १५० शब्दसम्ममा प्रतिवेदन लेख्न लगाइयो र तोकिएको समयावधि समाप्तपछि उत्तरपुस्तिका सङ्कलन गरिएको थियो ।

### ३.२.७ अङ्कन प्रक्रिया

उत्तरपुस्तिका सङ्कलनपछि १०० पूर्णाङ्कमा प्रतिवेदन लेखन क्षमताको अङ्कन गर्न निम्नलिखित उत्तरकुञ्जिका तयार पारिएको छ :-

**तालिका १ : अङ्कन प्रक्रिया**

| शीर्षक परिचय | विषयवस्तु | भाषाशैली | ढाँचा | निष्कर्ष तथा सुझाव |
|---|---|---|---|---|
| १० | ५० | १० | १० | २० |

### ३.२.८ तथ्याङ्कको व्याख्या, विश्लेषण

प्रस्तुत अध्ययनमा सामग्री निर्माणका क्रममा चयन गरिएको शीर्षकमा प्रतिवेदन लेख्न लगाउँदा आएको तथ्याङ्कलाई विभिन्न उपशीर्षकहरूमा छुट्टाछुट्टै तालिकामा प्रस्तुत गरी सङ्कलित तथ्याङ्कलाई प्रतिशतमा रूपान्तर गरी मध्यमानको सहायताले तुलनात्मक व्याख्या, विश्लेषण गरिएको छ । साथै निष्कर्षका आधारमा सुझाव समेत प्रस्तुत गरिएको छ । प्रस्तुत अध्ययनलाई सरल बनाउनका लागि निम्नलिखित साङ्ख्यिकीय सूत्रहरूको प्रयोग गरिएको छ :

१. प्रतिशताङ्क गणना गर्न प्रयोगमा ल्याइएको सूत्र

$$P = \frac{R}{T} \times १००$$

P = प्रतिशत

R = तोकिएको श्रेणीमा प्राप्ताङ्क ल्याउन सफल विद्यार्थी

T = जम्मा विद्यार्थी

२. मध्यमान गणना गर्न प्रयोगमा ल्याइएको सूत्र

$$\overline{X} = \frac{\Sigma X}{N}$$

$\overline{X}$ = मध्यमान

X = प्राप्ताङ्क

N = जम्मा सङ्ख्या

३. मानक विचलन गणना गर्दा प्रयोगमा ल्याइएको सूत्र

$$\sigma = \sqrt{\frac{\Sigma x^2}{N}}$$

$x = X - \overline{X}$

$x^2$ = x को वर्ग

$\sigma$ = मानक विचलन

$\Sigma X^2$ = प्राप्ताङ्कको कुल योगको वर्ग

N = जम्मा सङ्ख्या

उपर्युक्त साङ्ख्यिकीय सूत्रहरूको प्रयोग गरी उक्त तथ्यहरूको व्याख्या विश्लेषणका लागि विद्यार्थीहरूले प्राप्त गरेको प्राप्ताङ्कको आधारमा मध्यमान निकालिन्छ, उक्त अङ्कलाई भाषिक पृष्ठभूमि, लैङ्गिकता विद्यालयको आदिका आधारमा विद्यार्थीको प्राप्ताङ्कमा के कस्तो भिन्नता रहेका छन् भनेर जान्नका लागि मानक विचलनको आधारमा पनि व्याख्या गरिएको छ । यहाँ २० प्रतिशत भन्दा कम लेखन क्षमता हुनेलाई न्यून श्रेणीमा राखिएको छ । २० देखि ४० प्रतिशत भन्दा कम लेखन क्षमता हुनेलाई निम्न, ४० देखि ६० प्रतिशत भन्दा कम लेखन क्षमता हुनेलाई मध्यम, ६० देखि ८० प्रतिशत भन्दा कम लेखन क्षमता हुनेलाई उच्च र ८० प्रतिशत भन्दा बढी लेखन क्षमता हुनेलाई उच्चतम श्रेणीमा राखिएको छ । उक्त आधारमा छुट्याई समग्रता, भाषिक पृष्ठभूमि लैङ्गिकता, विद्यालयको प्रकृति जस्ता समूहहरूमा वर्गीकरण र तालिकीकरण गरी प्रतिशत, मध्यमान र मानक विचलन जस्ता साङ्ख्यिकीय सूत्रहरूको प्रयोग गरी तुलनात्मक रूपमा प्राप्ताङ्कको व्याख्या, विश्लेषण गरिएको छ । अध्ययनलाई वस्तुगत र वैज्ञानिक बनाउन प्राथमिक स्रोतबाटै सामग्री सङ्कलन गरी सामग्रीको संस्थापन, वर्गीकरण र विश्लेषण गरी निष्कर्ष निकाल्ने काम गरिएको छ । यसरी अध्ययनलाई वस्तुगत र वैज्ञानिक बनाउने प्रयास गरिएको छ ।

# अध्याय : चार

# सर्लाही जिल्लाका कक्षा एघारमा अध्ययनरत समग्र विद्यार्थीको प्रतिवेदन लेखन क्षमता

## ४.१ परिचय

प्रस्तुत अध्ययन सर्लाही जिल्लाका कक्षा एघारका विद्यार्थीहरूको प्रतिवदन लेखन क्षमता पहिल्याउनु रहेको छ । सर्लाही जिल्ला भित्रका जम्मा १० विद्यालयका १०० जना विद्यार्थीहरूबाट प्रस्तुत अध्ययनका लागि तथ्याङ्क सङ्कलन गरिएको छ । विद्यार्थीहरूको सर्वेक्षणलाई आधार मानी सो तथ्य अनुरूप विद्यार्थीहरूको प्राप्ताङ्कलाई साङ्ख्यिकीय आधारमा प्रस्तुत अध्ययन व्यवस्थित गरिएको छ । व्याख्या तथा विश्लेषणलाई पूर्णतः वस्तुगत रूप दिन प्रतिशत गणना, मध्यमान, मानक विचलन जस्ता तथ्याङ्कशास्त्रीय विश्लेषण तरिकालाई अवलम्बन गरिएको छ । यस शोधकार्यको व्याख्या विश्लेषणमा अपनाइएको विधिहरूको विस्तृत विवरणका साथै चलहरूको विश्लेषण निम्नानुसार प्रस्तुत गरिएको छ :

## ४.२ समग्र विद्यार्थीको प्रतिवेदन लेखन क्षमताको अध्ययन

प्रस्तुत अध्ययन सर्लाही जिल्लाका कक्षा एघारका विद्यार्थीहरूको प्रतिवेदन लेखन क्षमता पत्ता लगाउने उद्देश्य राखिएको छ । प्रतिवेदन लेखनको पर्याप्त विस्तार गर्न अध्ययनीय तहका विद्यार्थीहरूका दक्षता क्षमता पहिचान गरी अध्येताद्वारा उद्देश्य बमोजिम सर्वप्रथम पूर्व परीक्षण गरी त्यसको आधारमा प्रतिनिधि नमुना छनोट गरी अध्ययनलाई अगाडि बढाइएको छ ।

कक्षा एघारमा अध्ययनरत विद्यार्थीहरूको प्रतिवेदन लेखन क्षमताको अध्ययन गर्ने सिलसिलामा सर्लाही जिल्लाका पाँच वटा सामुदायिक र पाँचवटा संस्थागत विद्यालयहरू छनोट गरी उक्त विद्यालयहरूबाट जनसङ्ख्याको रूपमा प्रति विद्यालयबाट

छात्र पाँच, छात्रा पाँच गरी जम्मा १०० जना विद्यार्थीहरूलाई छनोट गरी प्रश्नावली बनाई ती प्रश्नावलीका आधारमा प्रतिवेदन लेख्न लगाई कापी परीक्षण गरी उनीहरूले प्राप्त गरेको प्राप्ताङ्कहरू प्रतिशत, मध्यमान, मानक विचलन, औसत प्रतिशत, मध्यमानभन्दा बढी र मध्यमान भन्दा कम जस्ता सूचकहरूलाई आधार मानी विश्लेषण गरिएको छ ।

उद्देश्य हासिल गर्नका निमित्त विद्यार्थीहरूको प्रतिवेदन लेखन क्षमताको सम्बन्धमा पूर्वनिर्धारित प्रश्नपत्र अनुसार १०० जना विद्यार्थीहरूको परीक्षा लिई उक्त परीक्षाको आधारमा उत्तरपुस्तकाको परीक्षण गरी प्राप्त हुन आएको अङ्कलाई तालिकीकरण गरी समग्रमा विद्यार्थीहरूको प्रतिवेदन लेखन क्षमता स्थिति निम्नानुसार पाइएकाले विद्यार्थीहरूमा समग्र विद्यार्थीको प्रतिवेदन लेखन क्षमताको स्थिति उल्लेख गरिएको छ । विद्यार्थीहरूको प्रतिवेदन लेखन क्षमताको स्थितिलाई तलको तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका २ : समग्र विद्यार्थीहरूको प्रतिवेदन लेखन क्षमता**


| प्रतिशत | विद्यार्थी सङ्ख्या | प्रतिशत | मध्यमान | मानक विचलन | औसत प्रतिशत | मध्यमान भन्दा माथि | मध्यमान भन्दा तल |
|---|---|---|---|---|---|---|---|
| ७०% भन्दा माथि ल्याउने | ० | ० | | | | | |
| ६०% देखि ७९% सम्म ल्याउने | २३ | २३ | | | | | |
| ४०% देखि ५९% सम्म ल्याउने | ५० | ५० | ४९.१३ | ११.२१ | ४९.१३ | ४७ | ५३ |
| २०% देखि ३९% सम्म ल्याउने | २६ | २६ | | | | | |
| २०% भन्दा कम | ० | ० | | | | | |

स्रोत : स्थलगत अध्ययन, २०७३ ।

माथिको तालिकाअनुसार ८० प्रतिशतभन्दा माथि अङ्क ल्याउने विद्यार्थी शून्य रहेको पाइयो अर्थात् ० प्रतिशत रहेका छन्, ६० देखि ७९ प्रतिशतसम्म ल्याउने जम्मा २३ जना अर्थात् २३ प्रतिशत रहेको पाइयो, ४० देखि ५९ प्रतिशतसम्म ल्याउने ५० अर्थात् प्रतिशतमा ५० रहेको पाइयो । २० देखि ३९ प्रतिशतसम्म ल्याउने २७ जना अर्थात २७ प्रतिशत रहेका छन् भने २० प्रतिशतभन्दा कम ल्याउने विद्यार्थी सङ्ख्या शून्य रहेको पाइयो अर्थात् शून्य प्रतिशत रहेका छन् । प्रतिशतका आधारमा सर्लाही जिल्लाको कक्षा एघारका अध्ययनरत विद्यार्थीहरूको प्रतिवेदन लेखन क्षमता मध्यम स्तरको रहेको देखिन्छ ।

कुल विद्यार्थी सङ्ख्या १०० जनाले प्राप्त गरेको प्राप्ताङ्कको मध्यमान ४८.१३ रहेको छ भने मानक विचलन ११.२१  र औसत प्रतिशत ४९.१३ प्रतिशत रहेको छ । मध्यमानभन्दा बढी अङ्क ल्याउने विद्यार्थी सङ्ख्या ४७ अर्थात् ४७ प्रतिशत रहेका छन् भने मध्यमानभन्दा कम ल्याउने विद्यार्थी सङ्ख्या ५३ जना अर्थात् ५३ प्रतिशत रहेका छन् । निष्कर्षमा विद्यार्थीहरूको प्रतिवेदन लेखन क्षमता मध्यम स्तरको देखिन्छ । माथिको तालिकालाई स्तम्भ चित्रमा पनि यसरी देखाउन सकिन्छ :

**चित्र १ : समग्रमा सर्लाही जिल्लाका कक्षा एघारका विद्यार्थीहरूको प्रतिवेदन लेखन क्षमताको स्थिति**




स्रोत : स्थलगत अध्ययन, २०७३ ।

### ४.२.१ मध्यमान र मानक विचलनका आधारमा समग्र विद्यार्थीहरूको प्रतिवेदन लेखन क्षमताको स्थिति

मध्यमान र मानक विचलनका आधारमा समग्र विद्यार्थीहरूको प्रतिवेदन लेखन क्षमतालाई तालिकामा यसरी प्रस्तुत गरिएको छ :

**तालिका ३ : मध्यमान र मानक विचलनका आधारमा समग्र विद्यार्थीहरूको प्रतिवेदन लेखन क्षमताको स्थिति**


| कुल सङ्ख्या | समग्र मध्यमान | समग्र मानक विचलन | मध्यमानभन्दा तल | | मध्यमानभन्दा माथि | |
|---|---|---|---|---|---|---|
| | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १०० | ४९.१३ | ११.२१ | ५३ | ५३ | ४७ | ४७ |

स्रोत : स्थलगत अध्ययन, २०७३ ।

माथिको तालिममा देखाइएअनुसार सर्लाही जिल्लाका कक्षा एघारमा अध्ययनरत १०० जना विद्यार्थीहरूको समग्र मध्यमान ४८.१३ छ भने मानक विचलन ११.२१ रहेको देखिन्छ । समग्र मध्यमानलाई आधारमान्दा मध्यमानभन्दा तल ५३ जना ५३ प्रतिशत र मध्यमानभन्दा माथि ४७ जना ४७ प्रतिशत रहेको देखिन्छ । यसरी मध्यमानभन्दा तल बढी विद्यार्थीहरू भएका र मध्यमानभन्दा तल र माथिको खासै अन्तर नभएकाले करिब करिब बराबरको स्थिति भएकाले विद्यार्थीहरूको प्रतिवेदन लेखन क्षमता मध्यम रहेको देखिन्छ । माथिको तालिकाअनुसार समग्र मानक विचलन ११.२१ रहनुले समग्र विद्यार्थीहरूको प्रतिवेदन लेखन क्षमता एकरूपताको स्थिति रहेको पाइँदैन । यसरी मानक विचलनका आधारमा हेर्दा विद्यार्थीहरूको एकरूपताको स्थिति कमजोर देखिएकाले पनि मध्यमानका हिसाबले सम्पूर्ण विद्यार्थीहरूको प्रतिवेदन लेखन क्षमता मध्यम स्तरको रहेको छ भनेर भन्न सकिन्छ ।

माथिको तालिकाअनुसार मध्यमान र मानक विचलनका आधारमा समग्र विद्यार्थीहरूको प्रतिवेदन लेखन क्षमताको स्थितिलाई स्तम्भ चित्रमा तल देखाइएको छ :

**चित्र २ : मध्यमान र मानक विचलनका आधारमा समग्र विद्यार्थीहरूको प्रतिवेदन लेखन क्षमताको स्थिति**





स्रोत : स्थलगत अध्ययन, २०७३ ।

माथिको स्तम्भ चित्रका आधारमा मध्यमानभन्दा तल ५३ प्रतिशत र मध्यमानभन्दा माथि ४७ प्रतिशत प्रतिवेदन लेख्ने क्षमता रहेको पाइयो ।

माथिको चित्रलाई वृत्तचित्रमा यसरी देखाइएको छ :

**चित्र ३ : मध्यमान र मानक विचलनका आधारमा समग्र विद्यार्थीहरूको प्रतिवेदन लेखन क्षमताको स्थिति**




स्रोत : स्थलगत अध्ययन, २०७३ ।

माथिको वृत्तचित्रका आधारमा मध्यमानभन्दा तल ५३ प्रतिशत र मध्यमानभन्दा माथि ४७ प्रतिशत प्रतिवेदन लेखन क्षमता रहेको पाइयो ।

## ४.३ निष्कर्ष

समग्रमा सर्लाही जिल्लाका कक्षा एघारमा अध्ययनरत विद्यार्थीहरूको प्रतिवेदन लेखन क्षमता मध्यम स्तरको देखिन्छ । समग्र मध्यमान ४९.१३ प्रतिशतलाई आधार मान्दा उक्त मध्यमानभन्दा तल ५३ जना रहेकाले ५३ प्रतिशत रहेको पाइन्छ । यसरी मध्यमानभन्दा तल बढी विद्यार्थीहरू देखिए पनि मध्यमानभन्दा माथि रहेका ४७ जना र ४७ प्रतिशत खासै अन्तर नभएकाले विद्यार्थीहरूको प्रतिवेदन लेखन क्षमता सामान्य रहेको देखिन्छ । त्यस्तै समग्र मानक विचलन ११.२१ देखिएकाले समग्र विद्यार्थीहरूको प्रतिवेदन लेखन क्षमतामा एकरूपताको स्थिति रहेको पाइँदैन ।

# अध्याय : पाँच

# सर्लाही जिल्लाका कक्षा एघारमा अध्ययनरत विद्यार्थीहरूको लैङ्गिकताका आधारमा प्रतिवेदन लेखन क्षमता

## ५.१ परिचय

प्रस्तुत अध्यायमा सर्लाही जिल्लाका पाँच सामुदायिक र पाँच संस्थागत विद्यालयका ५० जना छात्रा र ५० जना छात्रहरूलाई छनोट गरी अध्ययन गरिएको छ । यिनीहरूको प्रतिवेदन लेखन क्षमतालाई प्रतिशताङ्क स्थिति, मध्यमान र मानक विचलन जस्ता तथ्याङ्कशास्त्रीय विश्लेषण तरिकालाई अवलम्बन गरिएको छ ।

## ५.२ लैङ्गिकता आधारमा प्रतिवेदन लेखन क्षमताको अध्ययन

सर्लाही जिल्लाका कक्षा एघारमा अध्ययनरत विद्यार्थीहरूलाई नमुना जनसङ्ख्याको रूपमा लिई प्रतिवेदन लेखन क्षमताको परीक्षण गरिएको छ । प्रस्तुत अध्ययनमा लैङ्गिकताका आधारमा छात्र र छात्रालाई दुई भागमा बाँडिएको छ ।

### ५.२.१ लैङ्गिकताका आधारमा छात्रछात्राबिचको प्रतिवेदन लेखन क्षमताको तुलनात्मक अध्ययन

लैङ्गिकताका आधारमा छात्रछात्राबिचको प्रतिवेदन लेखन क्षमताको तुलनात्मक अध्ययनलाई तल तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका ४ : लैङ्गिकताका आधारमा छात्र छात्राबिचको प्रतिवेदन लेखन क्षमताको प्रतिशताङ्क स्थिति**

| समूह | विद्यार्थी सङ्ख्या | २० प्रतिशत भन्दा कम | | २०-३९ प्रतिशतसम्म | | ४०-५९ प्रतिशतसम्म | | ६०-७९ प्रतिशतसम्म | | ८० प्रतिशत भन्दा माथि | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| छात्र | ५० | ० | ० | १० | २० | २८ | ५६ | १२ | २४ | ० | ० |
| छात्रा | ५० | ० | ० | १७ | २४ | २२ | ४४ | ११ | २२ | ० | ० |

स्रोत : स्थलगत अध्ययन, २०७३ ।

माथिको तालिकामा लैङ्गिकताका आधारमा विभाजन गरी ५० जना छात्र र ५० जना छात्रा गरी जम्मा १०० जना विद्यार्थीहरूलाई समावेश गरिएको छ । उक्त तालिकामा ५० छात्र विद्यार्थीहरूमा २० प्रतिशतभन्दा कम ल्याउने विद्यार्थी सङ्ख्या देखिँदैन भने छात्रा विद्यार्थीहरू पनि नरहेको पाइन्छ । २० प्रतिशत भन्दा माथि र ३९ प्रतिशतसम्म अङ्क ल्याउने छात्र विद्यार्थी सङ्ख्या १० जना रहेका छन् भने छात्रा विद्यार्थी सङ्ख्या १७ जना रहेको छ । यसमा छात्रको प्रतिशत २० र छात्राको ३४ प्रतिशत रहेको छ । त्यसैगरी ४० प्रतिशतभन्दा बढी र ५९ प्रतिशतसम्म अङ्क प्राप्त गर्ने छात्र विद्यार्थी २८ जना र छात्रा विद्यार्थी २२ जना रहेका छन् भने प्रतिशतका आधारमा ५६ प्रतिशत छात्रले ल्याएका छन् भने ४४ प्रतिशत छात्रा विद्यार्थीले ल्याएको पाइएको छ । ६० प्रतिशतभन्दा बढी र ७९ प्रतिशतभन्दा कम अङ्क प्राप्त गर्ने छात्र विद्यार्थी १२ र छात्रा विद्यार्थी ११ जना रहेका छन् भने प्रतिशतका आधारमा २४ प्रतिशत छात्रले ल्याएका छन् भने २२ प्रतिशत छात्रा विद्यार्थीले ल्याएको पाइएको छ । त्यस्तै ८० प्रतिशतभन्दा माथि छात्र र छात्रा कसैले पनि अङ्क नपाएको माथिको तालिकामा देखिन्छ । छात्र र छात्राबिच तुलनात्मक अध्ययन गर्दा छात्रको तुलनामा छात्र विद्यार्थीको प्रतिवेदन लेखन क्षमता राम्रो रहेको छ । माथिको तालिकाअनुसार लैङ्गिकताका आधारमा छात्र र छात्रा विद्यार्थीहरूको प्रतिवेदन लेखन क्षमताको स्थिति बराबर देखिए तापनि तुलनात्मक रूपमा छात्रा विद्यार्थीभन्दा छात्रको प्रतिवेदन लेखन क्षमता राम्रो देखिएको छ । सर्लाही जिल्लाका कक्षा एघारमा अध्ययनरत छात्र ५० र छात्रा ५० गरी १०० जनाको प्रतिवेदन लेखन क्षमताको तुलना सङ्ख्या, प्रतिशत र मानक विचलनका आधारमा गरिएको छ । लैङ्गिकताको आधारमा प्रतिवेदन लेखन क्षमताको मध्यमान र मानक विचलनको तुलनात्मक स्थिति तलको तालिकामा देखाइएको छ :


**तालिका ५ : मानक विचलन र मध्यमानका आधारमा छात्र छात्राबिचको प्रतिवेदन लेखन क्षमताको स्थिति**

| समूह | सङ्ख्या | मध्यमान | मानक विचलन | औसत प्रतिशत |
|---|---|---|---|---|
| छात्र | ५० | ५०.७ | १०.९६ | ५०.७ |
| छात्रा | ५० | ४७.५६ | ११.१६ | ४७.५६ |

स्रोत : स्थलगत अध्ययन, २०७३ ।

उपर्युक्त माथिको तालिकामा देखाइएअनुसार समग्र विद्यार्थीहरूको लैङ्गिक आधारमा विभाजन गरी ५० छात्र र ५० छात्रा गरी १०० जना विद्यार्थीलाई समावेश गरिएको छ । उक्त तालिकामा समूहगत रूपमा छात्रको मध्यमान ५०.७ र छात्राको मध्यमान ४७.५६ रहेको देखिन्छ भने औसत प्रतिशत छात्रको ५०.७ प्रतिशत र छात्राको मध्यमान ४७.५६ रहेको देखिन्छ भने औसत प्रतिशत छात्रको ५०.७ प्रतिशत र छात्राकको ४७.५६ प्रतिशत रहेको देखिन्छ । त्यसैगरी उक्त तालिकामा छात्र तर्फको मानक विचलन १०.९६ र छात्रा तर्फको मानक विचलन ११.१६ रहेको पाइन्छ । लैङ्गिकताको आधारमा छात्र र छात्रा विद्यार्थीहरूको प्रतिवेदन लेखन क्षमताको तुलनात्मक विश्लेषण गर्दा छात्राहरूको भन्दा छात्रहरूको प्रतिवेदन लेखन क्षमता राम्रो रहेको देखिन्छ । समग्रमा यस अध्ययनमा छात्र र छात्रा विद्यार्थीहरूबीच देखापरेको प्रतिवेदन लेखन क्षमता धेरै अन्तर नदेखिए तापनि छात्र समूहका विद्यार्थीहरूको प्रतिवेदन लेखन क्षमता राम्रो रहेको पाइन्छ । माथिको तालिकाअनुसार लैङ्गिकताका आधारमा समग्र विद्यार्थीहरूको प्रतिवेदन लेखन क्षमताको स्थितिलाई तलको स्तम्भ चित्रमा देखाइएको छ :

**चित्र ४ : मानक विचलन र मध्यमानका आधारमा छात्र छात्राबिचको प्रतिवेदन लेखन क्षमताको स्थिति**




स्रोत : स्थलगत अध्ययन, २०७३ ।

माथिको स्तम्भ चित्रका आधारमा छात्रको मध्यमान ५०.७ र मानक विचलन १०.९६ र छात्राको मध्यमान ४७.५६ र मानक विचलन ११.१६ रहेको देखिन्छ ।

### ५.२.१.१ प्रतिशतका आधारमा छात्राको प्रतिवेदन लेखन क्षमताको स्थिति

प्रस्तुत अध्ययनलाई पाँच खण्डमा विभाजन गरी समग्र विद्यार्थीहरूबाट छात्रा विद्यार्थीहरूको प्रतिवेदन लेखन क्षमता पहिल्याउन प्रतिनिधि नमुना जनसङ्ख्याको रूपमा ५० जना छात्राहरूलाई छनोट गरिएको छ । उक्त छात्राहरूको प्रतिवेदन लेखन क्षमताको स्थितिलाई तालिकीकरण गरी देखाइएको छ :


**तालिका ६ : प्रतिशतका आधारमा छात्राको प्रतिवेदन लेखन क्षमताको स्थिति**

| कुल छात्रा विद्यार्थी सङ्ख्या | २० प्रतिशत भन्दा कम | | २०-३९ प्रतिशतसम्म | | ४०-५९ प्रतिशतसम्म | | ६०-७९ प्रतिशतसम्म | | ८० प्रतिशत भन्दा माथि | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | ० | ० | १७ | ३४ | २२ | ४४ | ११ | २२ | ० | ० |

स्रोत : स्थलगत अध्ययन, २०७३ ।

माथिको तालिकालाई पाँच खण्डमा निर्धारण गरी छात्रा विद्यार्थीहरूको प्रतिवेदन लेखन क्षमता पहिल्याउने क्रममा ५० जना विद्यार्थीहरूमध्ये न्यूनतम श्रेणीमा निर्धारण गरिएको २० प्रतिशतभन्दा कम प्रतिवेदन लेखन क्षमता भएका छात्रा विद्यार्थी सङ्ख्या कति पनि रहेको पाइँदैन । २० प्रतिशतभन्दा माथि ३९ प्रतिशतसम्म प्रतिवेदन लेखन क्षमता भएका छात्रा विद्यार्थीहरूको सङ्ख्या १७ र प्रतिशत ३४ रहेको, ४० प्रतिशतभन्दा माथि ५९ प्रतिशतसम्म प्रतिवेदन लेखन क्षमता भएका छात्रा विद्यार्थी सङ्ख्या २२ र प्रतिशत ४४ रहेको, ६० प्रतिशतभन्दा माथि ७९ प्रतिशतसम्म प्रतिवेदन लेखन क्षमता भएका छात्रा ११ र प्रतिशत २२ रहेको देखिन्छ भने प्रस्तुत अध्ययनमा ८० प्रतिशतभन्दा माथि प्रतिवेदन लेखन क्षमता भएका छात्रा विद्यार्थीहरूको सङ्ख्या एक जना पनि रहेको देखिँदैन । प्रतिशतका आधारमा छात्रा विद्यार्थीहरूको प्रतिवेदन लेखन क्षमताको अध्ययनलाई स्तम्भ चित्रमा देखाइएको छ :

**चित्र ५ : प्रतिशतका आधारमा छात्राको प्रतिवेदन लेखन क्षमताको स्थिति**




स्रोत : स्थलगत अध्ययन, २०७३ ।

माथिको स्तम्भ चित्रका आधारमा २० प्रतिशतभन्दा कम र ८० प्रतिशतभन्दा बढी रहेको विद्यार्थी सङ्ख्या रहेका छैनन् भने २०-३९ प्रतिशतसम्म ३४ प्रतिशत,४०-५९ प्रतिशतसम्म ४४ र ६०-७९ प्रतिशतसम्म २२ प्रतिशत प्रतिवेदन लेखन क्षमता रहेको पाइन्छ ।

### ५.२.१.२ मध्यमान र मानक विचलनका आधारमा छात्राको प्रतिवेदन लेखन क्षमताको अध्ययन

मध्यमान र मानक विचलनका आधारमा छात्रा विद्यार्थीहरूको प्रतिवेदन लेखन क्षमतालाई तालिकामा यसरी प्रस्तुत गरिएको छ :

**तालिका ७ : मध्यमान र मानक विचलनका आधारमा छात्राको प्रतिवेदन लेखन क्षमताको अध्ययन**


| कुल छात्रा विद्यार्थी सङ्ख्या | समग्र छात्रा विद्यार्थीको मध्यमान | समग्र छात्रा विद्यार्थीको मानक विचलन | मध्यमानभन्दा तल | | मध्यमानभन्दा माथि | |
|---|---|---|---|---|---|---|
| | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | ४७.५६ | ११.१६ | २८ | ५६ | २२ | ४४ |

स्रोत : स्थलगत अध्ययन, २०७३ ।

माथिको तालिकाअनुसार कक्षा एघारमा अध्ययनरत ५० जना छात्रा विद्यार्थीहरूको प्रतिवेदन लेखन क्षमताको मध्यमान ४७.५६ र मानक विचलन ११.१६ रहेको छ । उक्त तथ्याङ्क अनुसार समग्र छात्रा विद्यार्थीहरूको मध्यमान ४७.५६ लाई आधार मानी हेर्दा मध्यमानभन्दा तल प्रतिवेदन लेखन क्षमता भएका छात्रा विद्यार्थी सङ्ख्या २८ जना र प्रतिशत ५६ रहेको छ । मध्यमानभन्दा माथि प्रतिवेदन लेखन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या २२ र प्रतिशत ४४ रहेको देखिन्छ । मध्यमानभन्दा तल प्रतिवेदन लेखन क्षमता भएका छात्रा विद्यार्थी सङ्ख्या २८ र प्रतिशत ५६ रहनुले पनि छात्रहरूको तुलनामा छात्राहरूको प्रतिवेदन लेखन क्षमता कम नै रहेको देखिन्छ । मानक विचलनका आधारमा हेर्दा समग्र छात्रा विद्यार्थीहरूको मानक विचलन ११.१६ रहेकाले छात्रा विद्यार्थीको प्रतिवेदन लेखन क्षमतामा विचलन भएको देखिन्छ ।

माथिको तालिकाअनुसार मध्यमान र मानक विचलनका आधारमा छात्रा विद्यार्थीको प्रतिवेदन लेखन क्षमताको स्थितिलाई स्तम्भ चित्रमा देखाइएको छ :


**चित्र ६ : मध्यमान र मानक विचलनका आधारमा छात्रा प्रतिवेदन लेखन क्षमताको स्थिति**




स्रोत : स्थलगत अध्ययन, २०७३ ।

माथिको स्तम्भ चित्रअनुसार मध्यमानभन्दा तल ल्याउने ५६ प्रतिशत र मध्यमानभन्दा बढी ल्याउने ४४ प्रतिशत रहेको देखिन्छ । माथि दिइएको स्तम्भ चित्रलाई वृत्तचित्रमा यसरी देखाइएको छ :

**चित्र ७ : मध्यमान र मानक विचलनका आधारमा छात्राको प्रतिवेदन लेखन क्षमताको स्थिति**




स्रोत : स्थलगत अध्ययन, २०७३ ।

माथिको वृत्त चित्रका आधारमा सर्लाही जिल्लाका कक्षा एघारमा अध्ययनरत छात्रा विद्यार्थीहरूको सङ्ख्या मध्यमानभन्दा तल ५६ प्रतिशत र मध्यमानभन्दा माथि ४४ प्रतिशत रहेको देखिन्छ ।

### ५.२.१.३ प्रतिशतका आधारमा छात्रको प्रतिवेदन लेखन क्षमताको स्थिति

प्रस्तुत अध्ययनलाई पाँच खण्डमा विभाजन गरी समग्र विद्यार्थीहरूबाट छात्र विद्यार्थीहरूको प्रतिवेदन लेखन क्षमता पहिल्याउन प्रतिनिधि नमुना जनसङ्ख्याको रूपमा ५० जना छात्रहरूलाई छनोट गरिएको छ । उक्त छात्रहरूको प्रतिवेदन लेखन क्षमताको स्थितिलाई तालिकीकरण गरी देखाइएको छ :


**तालिका ८ : प्रतिशतका आधारमा छात्रको प्रतिवेदन लेखन क्षमताको स्थिति**

| कुल छात्र विद्यार्थी सङ्ख्या | २० प्रतिशत भन्दा कम | | २०-३९ प्रतिशतसम्म | | ४०-५९ प्रतिशतसम्म | | ६०-७९ प्रतिशतसम्म | | ८० प्रतिशत भन्दा माथि | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | ० | ० | १० | २० | २८ | ५६ | १२ | २४ | ० | ० |

स्रोत : स्थलगत अध्ययन, २०७३ ।

माथिको तालिकाअनुसार २० प्रतिशतभन्दा कम प्रतिवेदन लेखन क्षमता भएका छात्रहरूको सङ्ख्या नरहेको देखिन्छ । २० प्रतिशतभन्दा माथि ३९ प्रतिशत सम्म आफ्नो प्रतिवेदनबाट क्षमतालाई मापन गराउन सफल छात्रहरूको सङ्ख्या २० प्रतिशत रहेको छ । ४० प्रतिशतभन्दा माथि ६० प्रतिशतको विचमा प्रतिवेदन लेखन क्षमताको अंकन गराउने छात्रहरूको सङ्ख्या ५६ प्रतिशत रहेको देखिन्छ । त्यसैगरी ६० प्रतिशतभन्दा माथि ७९ प्रतिशतसम्म प्रतिवेदन लेखन क्षमता भएका छात्रहरूको सङ्ख्या २४ प्रतिशत रहेको देखिन्छ भने ८० प्रतिशतभन्दा माथि प्रतिवेदन लेखन क्षमता भएका छात्र विद्यार्थीहरूको सङ्ख्या शून्य रहेको पाइयो । प्रतिशतका आधारमा छात्र विद्यार्थीहरूको प्रतिवेदन लेखन क्षमताको अध्ययनलाई स्तम्भ चित्रमा देखाइएको छ :

**चित्र ८ : प्रतिशतका आधारमा छात्रको प्रतिवेदन लेखन क्षमताको स्थिति**



स्रोत : स्थलगत अध्ययन, २०७३ ।

माथिको स्तम्भ चित्रका आधारमा २० प्रतिशतभन्दा कम र ८० प्रतिशतभन्दा बढी रहेको विद्यार्थी सङ्ख्या शून्य रहेको देखिन्छ भने २० देखि ३९ प्रतिशतसम्म २० प्रतिशत,४० देखि ५९ प्रतिशतसम्म ५६ र ६० देखि ७९ प्रतिशतसम्म २४ प्रतिशत प्रतिवेदन लेखन क्षमता रहेको पाइन्छ ।

### ५.२.१.४ मध्यमान र मानक विचलनका आधारमा छात्रको प्रतिवेदन लेखन क्षमताको अध्ययन

मध्यमान र मानक विचलनका आधारमा छात्र विद्यार्थीहरूको प्रतिवेदन लेखन क्षमतालाई तालिकामा यसरी प्रस्तुत गरिएको छ :

**तालिका ९ : मध्यमान र मानक विचलनका आधारमा छात्रको प्रतिवेदन लेखन क्षमताको अध्ययन**

| कुल छात्र विद्यार्थी सङ्ख्या | समग्र छात्र विद्यार्थीको मध्यमान | समग्र छात्र विद्यार्थीको मानक विचलन | मध्यमानभन्दा तल | | मध्यमानभन्दा माथि | |
|---|---|---|---|---|---|---|
| | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | ५०.७ | १०.९६ | २४ | ४८ | २६ | ५२ |


स्रोत : स्थलगत अध्ययन, २०७३ ।

माथिको तालिकाअनुसार सर्लाही जिल्लाका कक्षा एघारमा अध्ययनरत ५० जना छात्र विद्यार्थीहरूको प्रतिवेदन लेखन क्षमताको मध्यमान ५०.७ र मानक विचलन १०.९६ रहेको देखिन्छ । उक्त तथ्याङ्कअनुसार समग्र छात्र विद्यार्थीहरूको मध्यमान ५०.७ लाई आधार मान्दा मध्यमानभन्दा तल प्रतिवेदन लेखन क्षमता भएका छात्र विद्यार्थी सङ्ख्या २४ जना र प्रतिशत ४८ रहेको पाइन्छ । मध्यमानभन्दा माथि प्रतिवेदन लेखन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या २६ र प्रतिशत ५२ रहेको देखिन्छ । मध्यमानभन्दा तल प्रतिवेदन लेखन क्षमता भएका छात्र विद्यार्थी सङ्ख्या २६ र प्रतिशत ५२ रहनुले पनि छात्रहरूको तुलनामा छात्रहरूको प्रतिवेदन लेखन क्षमता राम्रो रहेको पाइयो । मानक विचलनका आधारमा हेर्दा समग्र छात्र विद्यार्थीहरूको

मानक विचलन १०.९६ रहेकाले छात्राको तुलनामा छात्रको प्रतिवेदन लेखन क्षमतामा विचलन कम रहेको देखिन्छ ।

माथिको तालिकाअनुसार मध्यमान र मानक विचलनका आधारमा छात्र विद्यार्थीको प्रतिवेदन लेखन क्षमताको स्थितिलाई स्तम्भ चित्रमा देखाइएको छ :


**चित्र ९ : मध्यमान र मानक विचलनका आधारमा छात्रको प्रतिवेदन लेखन क्षमताको स्थिति**




स्रोत : स्थलगत अध्ययन, २०७३ ।

माथिको स्तम्भ चित्रअनुसार मध्यमानभन्दा तल ल्याउने ४८ प्रतिशत र मध्यमानभन्दा बढी ल्याउने ५२ प्रतिशत रहेको देखिन्छ । माथि दिइएको स्तम्भ चित्रलाई वृत्तचित्रमा यसरी देखाइएको छ :

**चित्र १० : मध्यमान र मानक विचलनका आधारमा छात्रको प्रतिवेदन लेखन क्षमताको स्थिति**



स्रोत : स्थलगत अध्ययन, २०७३ ।

माथिको वृत्त चित्रका आधारमा सर्लाही जिल्लाका कक्षा एघारमा अध्ययनरत छात्रा विद्यार्थीहरूको सङ्ख्या मध्यमानभन्दा तल ४८ प्रतिशत र मध्यमानभन्दा माथि ५२ प्रतिशत रहेको देखिन्छ ।

### ५.३ निष्कर्ष

सर्लाही जिल्लाका कक्षा एघारमा अध्ययनरत ५० जना छात्रा विद्यार्थीहरूको मध्यमान ४७.५६ रहेकाले छात्राहरूको प्रतिवेदन लेखन क्षमता सामान्य रहेको पाइन्छ । छात्राहरूको मध्यमानभन्दा माथि प्रतिवेदन लेखन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या २२ र प्रतिशत ४४ ले नै यसलाई पुष्टि गर्छ । त्यस्तै मानक विचलनका आधारमा हेर्दा छात्रा विद्यार्थीहरूका मानक विचलन ११.१६ रहेकाले छात्रा विद्यार्थीको प्रतिवेदन लेखन क्षमतामा विचलन देखिन्छ । छात्र विद्यार्थीहरूको मध्यमान ५०.७ रहेको पाइन्छ भने मानक विचलन १०(९६ रहेको छ । यसरी तुलनात्मक आधारमा हेर्दा छात्रा विद्यार्थीको तुलनामा छात्र विद्यार्थीहरूको प्रतिवेदन लेखन क्षमता राम्रो रहेको पाइन्छ ।

# अध्याय : छ

# सर्लाही जिल्लाका कक्षा एघारमा अध्ययनरत विद्यार्थीको भाषिक पृष्ठभूमिका आधारमा प्रतिवेदन लेखन क्षमता

## ६.१ परिचय

सर्लाही जिल्लाका कक्षा एघारमा अध्ययनरत विद्यार्थीहरूको भाषिक पृष्ठभूमिलाई पहिलो भाषी र दोस्रो भाषीमा प्रस्तुत गरिएको छ । पहिलो भाषी र दोस्रो भाषीको प्रतिवेदन लेखन क्षमताको अध्ययन गर्न ५०/५० जना पहिलो भाषी र दोस्रो भाषी विद्यार्थीलाई प्रतिनिधि जनसङ्ख्या मानिएको छ । प्रस्तुत अध्ययनमा पहिलो भाषी र दोस्रो भाषी नेपाली विद्यार्थीका प्रतिवेदन लेखन क्षमताको अध्ययन गरिएको छ ।

## ६.२ भाषिक प्रकृतिका आधारमा प्रतिवेदन लेखन क्षमताका अध्ययन

प्रस्तुत अध्ययनमा भाषिक पृष्ठभूमिका आधारमा पहिलो भाषी र दोस्रो भाषी भाषीलाई आधार मानी पहिलो भाषी र दोस्रो भाषी नेपाली विद्यार्थीहरूको प्रतिवेदन लेखन क्षमतालाई प्रतिशत, मध्यमान र मानक विचलनका आधारमा यसरी प्रस्तुत गरिएको छ :

### ६.२.१ प्रतिशतका आधारमा पहिलो भाषी नेपाली विद्यार्थीको प्रतिवेदन लेखन क्षमताको स्थिति

प्रस्तुत शोध प्रतिवेदनमा ५० जना पहिलो भाषी नेपाली बोल्ने विद्यार्थीहरूलाई नमुना जनसङ्ख्याको रूपमा छनोट गरी अध्ययन गरिएको छ । तिनै विद्यार्थीहरूको प्रतिवेदन लेखन क्षमताको स्थितिलाई तालिकीकरण गरी विश्लेषण गरिएको छ :

**तालिका १० : पहिलो भाषी नेपाली विद्यार्थीहरूको प्रतिवेदन लेखन क्षमताको प्रतिशताङ्क स्थिति**

| कुल विद्यार्थी सङ्ख्या | २० प्रतिशत भन्दा कम | | २०-३९ प्रतिशतसम्म | | ४०-५९ प्रतिशतसम्म | | ६०-७९ प्रतिशतसम्म | | ८० प्रतिशत भन्दा माथि | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | ० | ० | ९ | १८ | २० | ४० | २१ | ४२ | ० | ० |

स्रोत : स्थलगत अध्ययन, २०७३ ।

माथिको तालिकामा पहिलो भाषी नेपाली ५० जना विद्यार्थीहरूमध्ये २० प्रतिशतभन्दा कम प्रतिवेदन लेखन क्षमता भएका विद्यार्थीहरू शून्य रहेको देखिन्छ भने १८ प्रतिशत विद्यार्थीहरू २० देखि ३९ प्रतिशतको बिचमा रहेको पाइयो । त्यस्तै ४० देखि ५९ प्रतिशतसम्म प्रतिवेदन लेखन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या ४० प्रतिशत रहेको देखियो भने ६० देखि ७९ प्रतिशतसम्म प्रतिवेदन लेखन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या १८ प्रतिशत रहेको देखिन्छ। त्यसैगरी ८० प्रतिशत भन्दा माथि प्रतिवेदन लेखन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या शून्य रहेको देखियो । यसरी सर्लाही जिल्लाका कक्षा एघारका पहिलो भाषी विद्यार्थीहरूको प्रतिवेदन लेखन क्षमता राम्रो रहेको देखिन्छ ।

### ६.२.२ मध्यमान र मानक विचलनका आधारमा पहिलो भाषी नेपाली विद्यार्थीहरूको प्रतिवेदन लेखन क्षमताको स्थिति

मध्यमान र मानक विचलनका आधारमा पहिलो भाषी नेपाली विद्यार्थीहरूको प्रतिवेदन लेखन क्षमतालाई तालिकामा यसरी प्रस्तुत गरिएको छ :

**तालिका ११ : मध्यमान र मानक विचलनका आधारमा पहिलो भाषी नेपाली विद्यार्थीहरूको प्रतिवेदन लेखन क्षमताको स्थिति**


| कुल विद्यार्थी सङ्ख्या | समग्र छात्रा विद्यार्थीको मध्यमान | समग्र छात्रा विद्यार्थीको मानक विचलन | मध्यमानभन्दा तल | | मध्यमानभन्दा माथि | |
|---|---|---|---|---|---|---|
| | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | ५४.०६ | ११.७३ | २८ | ५६ | २२ | ४४ |

स्रोत : स्थलगत अध्ययन, २०७३ ।

माथिको तालिकाअनुसार पहिलो भाषी नेपाली विद्यार्थीहरूको मध्यमान ५४.०६ र मानक विचलन ११.७३ रहेको देखियो । मध्यमानको आधारमा हेर्दा मध्यमानभन्दा माथि ५६ प्रतिशत विद्यार्थीहरू र मध्यमानभन्दा तल ४४ प्रतिशत विद्यार्थीहरू रहेका छन् । मध्यमानभन्दा माथि ५६ प्रतिशत विद्यार्थीहरू रहेकाले सर्लाही जिल्लाका पहिलो भाषी नेपाली विद्यार्थीहरूको प्रतिवेदन लेखन क्षमता राम्रो रहेको पाइयो ।

माथिको तालिकाअनुसार मध्यमान र मानक विचलनमा आधारमा पहिलो भाषी नेपाली विद्यार्थीहरूको प्रतिवेदन लेखन क्षमताको स्थितिलाई स्तम्भ चित्रमा देखाइएको छ :


**चित्र ११ : मध्यमान र मानक विचलनका आधारमा पहिलो भाषी नेपाली विद्यार्थीहरूको प्रतिवेदन लेखन क्षमताको स्थिति**




स्रोत : स्थलगत अध्ययन, २०७३ ।

माथिको स्तम्भ चित्रअनुसार मध्यमानभन्दा तल ल्याउने ४४ प्रतिशत र मध्यमानभन्दा बढी ल्याउने ५६ प्रतिशत रहेको देखिन्छ । माथि दिइएको स्तम्भ चित्रलाई वृत्तचित्रमा यसरी देखाइएको छ :

**चित्र १२ : मध्यमान र मानक विचलनका आधारमा पहिलो भाषी नेपाली विद्यार्थीहरूको प्रतिवेदन लेखन क्षमताको स्थिति**




स्रोत : स्थलगत अध्ययन, २०७३ ।

माथिको वृत्त चित्रका आधारमा सर्लाही जिल्लाका कक्षा एघारमा अध्ययनरत छात्रा विद्यार्थीहरूको सङ्ख्या मध्यमानभन्दा तल ४४ प्रतिशत र मध्यमानभन्दा माथि ५६ प्रतिशत रहेको देखिन्छ ।

## ६.२.२ प्रतिशतका आधारमा दोस्रो भाषी नेपाली विद्यार्थीको प्रतिवेदन लेखन क्षमताको स्थिति

प्रस्तुत अध्ययनका क्रममा दोस्रो भाषी नेपाली विद्यार्थीहरूबाट नमुना जनसङ्ख्याको रूपमा ५० जना विद्यार्थीहरूलाई छनोट गरिएको छ । यसै क्रममा उक्त विद्यार्थीहरूको प्राप्त प्रतिशताङ्क स्थितिलाई तलका तालिकामा पाँच श्रेणीमा निर्धारण गरी विश्लेषण गरिएको छ :

**तालिका १२ : दोस्रो भाषी नेपाली विद्यार्थीहरूको प्रतिवेदन लेखन क्षमताको प्रतिशताङ्क स्थिति**

| कुल विद्यार्थी सङ्ख्या | २० प्रतिशत भन्दा कम | | २०-३९ प्रतिशतसम्म | | ४०-५९ प्रतिशतसम्म | | ६०-७९ प्रतिशतसम्म | | ८० प्रतिशत भन्दा माथि | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | ० | ० | १८ | ३६ | ३० | ६० | २ | ४ | ० | ० |

स्रोत : स्थलगत अध्ययन, २०७३ ।

माथिको तालिकामा दोस्रो भाषी नेपाली ५० जना विद्यार्थीहरू मध्ये २० प्रतिशतभन्दा कम प्रतिवेदन लेखन क्षमता भएका विद्यार्थीहरू देखिँदैनन् भने ३६ प्रतिशत विद्यार्थीहरू २० देखि ३९ प्रतिशतको बिचमा प्रतिवेदन लेखन क्षमता भएको समूह देखिन्छ । त्यस्तै ४० देखि ५९ प्रतिशतसम्म प्रतिवेदन लेखन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या ६० प्रतिशत रहेको देखिन्छ । ६० देखि ७९ प्रतिशतसम्म प्रतिवेदन लेखन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या ४ प्रतिशत भएको देखिन्छ । त्यसैगरी उच्चतम श्रेणी ८० प्रतिशतभन्दा माथि निर्धारण गरिएभन्दा अधिकतम प्रतिवेदन लेखन क्षमता भएका विद्यार्थीहरू देखिँदैन । त्यसैले सर्लाही जिल्लाका कक्षा एघारका दोस्रो भाषी विद्यार्थीहरूको प्रतिवेदन लेखन क्षमता कमजोर रहेको पाइन्छ ।

### ६.२.२.१ मध्यमान र मानक विचलनका आधारमा दोस्रो भाषी नेपाली विद्यार्थीहरूको प्रतिवेदन लेखन क्षमताको स्थिति

मध्यमान र मानक विचनलका आधारमा दोस्रो भाषी नेपाली ५० जना विद्यार्थीहरूको मध्यमान र मानक विचलन मध्यमानभन्दा माथि र तलजस्ता श्रेणीमा वर्गीकरण गरी प्रतिवेदन लेखन क्षमताको स्थिति तलको तालिकामा यसरी देखाइएको छ :

**तालिका १३ : मध्यमान र मानक विचलनका आधारमा दोस्रो भाषी नेपाली विद्यार्थीहरूको प्रतिवेदन लेखन क्षमताको स्थिति**

| कुल विद्यार्थी सङ्ख्या | मध्यमान | मानक विचलन | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा तल | |
|---|---|---|---|---|---|---|
| | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | ४४.२ | ८.६३ | २२ | ४४ | २८ | ५६ |


स्रोत : स्थलगत अध्ययन, २०७३ ।

माथिको तालिकाअनुसार जम्मा प्रतिनिधि दोस्रो भाषी नेपाली नमुना जनसङ्ख्या ५० रहेको छ । दोस्रो भाषी नेपाली विद्यार्थीहरूको मध्यमान ४४.२ र मानक विचलन ८.६३ रहेको देखिएको छ । मध्यमानको आधारमा हेर्दा मध्यमानभन्दा माथि ४४

प्रतिशत विद्यार्थीहरू र मध्यमानभन्दा तल ५६ प्रतिशत विद्यार्थीहरू रहेका छन् । प्रस्तुत अध्ययनको तालिकाको मध्यमानलाई आधार मानेर अध्ययन गर्दा मध्यमानभन्दा माथिको नतिजालाई सन्तोषजनक र मध्यमानभन्दा तलको नतिजालाई कमजोर श्रेणीमा वर्गीकृत गर्न सकिन्छ । माथिको तालिका हेर्दा मध्यमानभन्दा माथिको विद्यार्थी सङ्ख्या कम र मध्यमानभन्दा तलको विद्यार्थी सङ्ख्या बढी देखिएकाले दोस्रो भाषी विद्यार्थीहरूको प्रतिवेदन लेखन क्षमता कमजोर रहेको देखिन्छ ।

माथिको तालिकाअनुसार मध्यमान र मानक विचलनका आधारमा दोस्रो भाषी नेपाली विद्यार्थीहरूको प्रतिवेदन लेखन क्षमताको स्थितिलाई स्तम्भ चित्रमा देखाइएको छ :

**चित्र १३ : प्रतिशतका आधारमा दोस्रो भाषी नेपाली विद्यार्थीको प्रतिवेदन लेखन क्षमताको स्थिति**





स्रोत : स्थलगत अध्ययन, २०७३ ।

माथिको स्तम्भ चित्रअनुसार मध्यमानभन्दा तल ल्याउने ५६ प्रतिशत र मध्यमानभन्दा बढी ल्याउने ४४ प्रतिशत रहेका छन् ।

माथि दिइएको स्तम्भ चित्रलाई वृत्तचित्रमा यसरी देखाइएको छ :

**चित्र १४ : समग्र विद्यार्थीहरू मध्येबाट प्रतिशतका आधारमा दोस्रो भाषी नेपाली विद्यार्थीको प्रतिवेदन लेखन क्षमताको स्थिति**




स्रोत : स्थलगत अध्ययन, २०७३ ।

माथिको वृत्त चित्रका आधारमा सर्लाही जिल्लाका कक्षा एघारमा अध्ययनरत छात्रा विद्यार्थीहरूको मध्यमानभन्दा तल ५६ प्रतिशत र मध्यमानभन्दा माथि ४४ प्रतिशत रहेको देखिन्छ ।

## ६.३ निष्कर्ष

सर्लाही जिल्लाका कक्षा एघारमा अध्ययनरत पहिलो भाषी विद्यार्थीहरूको प्रतिवेदन लेखन क्षमताको मध्यमान ५४.०६ प्रतिशत रहेको पाइयो भने दोस्रो भाषी नेपाली विद्यार्थीहरूको मध्यमान ४४.२ प्रतिशत रहेको पाइयो । मध्यमानलाई आधार मान्दा तुलनात्मक रूपमा सर्लाही जिल्लाका कक्षा एघारमा अध्ययनरत दोस्रो भाषी विद्यार्थीहरूको प्रतिवेदन लेखन क्षमता पहिलो भाषीको तुलनामा कमजोर रहेको छ । ४४.२ लाई मध्यमान मान्दा मध्यमानभन्दा तल ५६ प्रतिशत, दोस्रो भाषी विद्यार्थी देखिनुले प्रति उक्त कुरालाई प्रमाणित गर्दछ । त्यस्तै दोस्रो भाषी विद्यार्थीहरूको मानक विचलन ८.६३ रहेको देखिनाले पनि उक्त समूहका विद्यार्थीहरू तुलनात्मक रूपमा कमजोर रहेको सङ्केत पाइन्छ ।

# अध्याय : सात

# सर्लाही जिल्लाका कक्षा एघारमा अध्ययनरत विद्यार्थीहरूको विद्यालयको प्रकृतिका आधारमा प्रतिवेदन लेखन क्षमता

## ७.१ परिचय

विद्यालय प्रकृतिका आधारमा विद्यालयलाई दुई भागमा विभाजन गरिएको छ । सर्लाही जिल्लाका पाँच सामुदायिक विद्यालयबाट ५० जना र पाँच संस्थागत विद्यालयबाट ५० जना विद्यार्थीहरुलाई छनोट गरी विद्यार्थीहरूको प्रतिवेदन लेखन क्षमताको तुलनात्मक विश्लेषण गरिएको छ ।

प्रस्तुत अध्यायमा सरकारी र संस्थागत विद्यालयका विद्यार्थीहरूको प्रतिवेदन लेखन क्षमतामा रहेको फरकलाई तुलनात्मक विश्लेषण गरी प्रस्तुत गरिएको छ ।

## ७.२ विद्यालयको प्रकृतिका आधारमा सामुदायिक र संस्थागत विद्यालयबिच प्रतिवेदन लेखन क्षमताको तुलना

प्रस्तुत अध्यायमा विद्यालय प्रकृतिका आधारमा विद्यालयलाई दुई भागमा विभाजन गरिएको छ । सामुदायिक र संस्थागत विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरूको प्रतिवेदन लेखन क्षमताको तुलनात्मक स्थिति सङ्ख्या, प्रतिशत र मध्यमानका आधारमा पहिल्याउनुका साथै तिनीहरू बिचको भिन्नता पहिल्याउन तलको तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका १४ : विद्यालयको प्रकृतिका आधारमा सामुदायिक र संस्थागत विद्यालयबिच प्रतिवेदन लेखन क्षमताको तुलना**


| समूह | सङ्ख्या | मध्यमान | मानक विचलन |
|---|---|---|---|
| सामुदायिक | ५० | ४८.४४ | १०.३९ |
| संस्थागत | ५० | ४९.८२ | १२.०३ |

स्रोत : स्थलगत अध्ययन, २०७३ ।

माथिको तालिकाअनुसार सामुदायिक विद्यालयलाई ५० जना र संस्थागत विद्यालयतर्फ ५० जना गरी जम्मा १०० जना विद्यार्थीहरू रहेका छन् । सामुदायिक विद्यालयका विद्यार्थीहरूको प्रतिवेदन लेख्न क्षमता ४८.४४ र मानक विचलन १७.३९ रहेको देखिन्छ । त्यसैगरी संस्थागत विद्यालयतर्फको विद्यार्थीको प्रतिवेदन लेखन क्षमताको मध्यमान ४९.८२ छ भने मानक विचलन १२.०३ रहेको देखिन्छ । माथिको तथ्याङ्कलाई हेर्दा सामुदायिक र संस्थागत तर्फको विद्यार्थीको प्रतिवेदन लेखन क्षमताको तुलना गर्दा सामुदायिक विद्यालयभन्दा संस्थागत विद्यालयको प्रतिवेदन लेखन क्षमता राम्रो रहेको देखिन्छ ।

माथिको तालिकाअनुसार सामुदायिक र संस्थागत विद्यालयबिच प्रतिवेदन लेखन क्षमताको तुलना स्थितिलाई स्तम्भ चित्रमा देखाइएको छ :

**चित्र १५ : विद्यालयको प्रकृतिका आधारमा सामुदायिक र संस्थागत विद्यालयबिच प्रतिवेदन लेखन क्षमताको तुलना**




स्रोत : स्थलगत अध्ययन, २०७३ ।

माथिको स्तम्भ चित्रमा देखाइएअनुसार सामुदायिक र संस्थागत विद्यालयविच प्रतिवेदन लेखन क्षमताको तुलना गर्दा संस्थागत विद्यालयतर्फको विद्यार्थीहरूको प्रतिवेदन लेखन क्षमताको मध्यमान ४९.८२ प्रतिशत रहेको छ भने मानक विचलन

१२.०३ प्रतिशत रहेको देखिन्छ । त्यसैगरी सामुदायिक विद्यालयका विद्यार्थीहरूको मध्यमान ४१.४४ प्रतिशत र मानक विचलन १०.३९ रहेको पाइयो । प्राप्त तथ्याङ्क अनुसार संस्थागत विद्यालयका विद्यार्थीहरूको प्रतिवेदन लेखन क्षमता राम्रो रहेको देखिन्छ ।

### ७.२.१ प्रतिशतका आधारमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको प्रतिवेदन लेखन क्षमताको स्थिति

प्रतिशतका आधारमा सामुदायिक विद्यालयका ५० जना विद्यार्थीहरूको प्रतिवेदन लेखन क्षमतालाई प्रतिवेदन लेखन क्षमतालाई तालिकामा यसरी प्रस्तुत गरिएको छ :

**तालिका १५ : प्रतिशतका आधारमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको प्रतिवेदन लेखन क्षमताको स्थिति**

| विद्यार्थी सङ्ख्या | २० प्रतिशत भन्दा कम | | २०-३९ प्रतिशतसम्म | | ४०-५९ प्रतिशतसम्म | | ६०-७९ प्रतिशतसम्म | | ८० प्रतिशत भन्दा माथि | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | ० | ० | १४ | २८ | २७ | ५४ | ९ | १८ | ० | ० |


स्रोत : स्थलगत अध्ययन, २०७३ ।

उपर्युक्त तालिकालाई पाँच खण्डमा निर्धारण गरी सामुदायिक विद्यालयका विद्यार्थीहरूको प्रतिवेदन लेखन क्षमताको परीक्षण गर्ने क्रममा ५० जना विद्यार्थीहरूमध्ये न्यूनतम श्रेणीका रूपमा निर्धारण गरिएको २० प्रतिशतभन्दा कम प्रतिवेदन लेखन क्षमता भएका सामुदायिक विद्यालयका विद्यार्थीहरूको सङ्ख्या शून्य रहेको देखिन्छ । ३० प्रतिशतभन्दा माथि ३९ प्रतिशतसम्म प्रतिवेदन लेखन क्षमता भएका सामुदायिक विद्यालयका विद्यार्थीहरूको सङ्ख्या १४ र प्रतिशत २८ रहेको देखिन्छ । ४० प्रतिशतभन्दा माथि र ५९ प्रतिशतसम्म प्रतिवेदन लेखन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या २७ र प्रतिशत ५४ रहेको देखिन्छ । ६० प्रतिशतभन्दा माथि र ७९ प्रतिशतसम्म प्रतिवेदन लेखन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या ९ र प्रतिशत

१८ रहेको देखिन्छ । यसरी हेर्दा प्रस्तुत अध्ययनमा उच्चतम श्रेणीका मापन गरिएको ८० प्रतिशतभन्दा माथि प्रतिवेदन लेखन क्षमता भएका सामुदायिक विद्यालयका विद्यार्थीहरूको सङ्ख्या शून्य रहेको देखिन्छ । यसरी प्राप्ताङ्कको आधारमा सामुदायिक विद्यालयका विर्द्यीहरूको प्रतिवेदन लेखन क्षमता सामान्य रहेको छ । समग्रमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको प्रतिवेदन लेखन क्षमता सामान्य नै भएता पनि संस्थागत विद्यालयका विद्यार्थीको तुलनामा सामुदायिक विद्यालयका विद्यार्थीहरूको प्रतिवेदन लेखन क्षमता कमजोर भने अवश्य देखिन्छ ।

माथिको तालिकाअनुसार सामुदायिक विद्यालयका विद्यार्थीको प्रतिवेदन लेखन क्षमताको स्थितिलाई स्तम्भ चित्रमा देखाइएको छ :

**चित्र १६ : प्रतिशतका आधारमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको प्रतिवेदन लेखन क्षमताको स्थिति**





स्रोत : स्थलगत अध्ययन, २०७३ ।

दिइएको स्तम्भ चित्रमा कक्षा एघारमा अध्ययनरत सामुदायिक विद्यालयका विद्यार्थीहरूको प्रतिवेदन लेखन क्षमता २० प्रतिशतभन्दा कम ल्याउने शून्य प्रतिशत, २० प्रतिशतभन्दा माथि ४० प्रतिशतभन्दा कम ल्याउने २८ प्रतिशत, ४०

प्रतिशतभन्दा माथि ६० प्रतिशतभन्दा कम ल्याउने ५४ प्रतिशत,६० प्रतिशतभन्दा माथि ८० प्रतिशतभन्दा कम ल्याउने १८ प्रतिशत र ८० प्रतिशतभन्दा बढी ल्याउने ० प्रतिशत विद्यार्थीहरू रहेका छन् । त्यसैले प्रतिशतका आधारमा प्रतिवेदन लेखन क्षमता सामान्य रहेको छ । माथिको स्तम्भ चित्रलाई वृत्तचित्रमा यसरी देखाइएको छ :

**चित्र १७ : प्रतिशतका आधारमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको प्रतिवेदन लेखन क्षमताको स्थिति**




स्रोत : स्थलगत अध्ययन, २०७३ ।

माथिको वृत्तचित्रमा कक्षा एघारमा अध्ययनरत सामुदायिक विद्यालयका विद्यार्थीहरूको प्रतिवेदन लेखन क्षमता २० प्रतिशतभन्दा कम ल्याउने शून्य प्रतिशत, २० प्रतिशतभन्दा माथि४० प्रतिशतभन्दा कम ल्याउने २८ प्रतिशत, ४० प्रतिशतभन्दा माथि ६० प्रतिशतभन्दा कम ल्याउने ५४ प्रतिशत, ६० प्रतिशतभन्दा माथि ८० प्रतिशतभन्दा कम ल्याउने १८ प्रतिशत र ८० प्रतिशतभन्दा बढी ल्याउने शून्य प्रतिशत विद्यार्थीहरू रहेको देखिन्छ । त्यसैले प्रतिशतमा आधारमा प्रतिवेदन लेखन क्षमता सामान्य रहेको छ ।

### ७.२.१.२ मध्यमान र मानक विचलनका आधारमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको प्रतिवेदन लेखन क्षमताको स्थिति

अध्यमान र मानक विचलनका आधारमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको प्रतिवेदन लेखन क्षमतालाई तालिकामा यसरी प्रस्तुत गरिएको छ :

**तालिका १६ : मध्यमान र मानक विचलनका आधारमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको प्रतिवेदन लेखन क्षमताको स्थिति**


| सामुदायिक विद्यालयका विद्यार्थी सङ्ख्या | समग्र सामुदायिक विद्यालयको मध्यमान | समग्र सामुदायिक विद्यालयका विद्यार्थीको मानक विचलन | मध्यमानभन्दा तल | | मध्यमानभन्दा माथि | |
|---|---|---|---|---|---|---|
| | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | ४८.४४ | १०.३९ | २७ | ५४ | २३ | ४६ |

स्रोत : स्थलगत अध्ययन, २०७३ ।

माथिको तालिकाअनुसार प्रतिनिधि नमुना छनोटमा ५० वटा सामुदायिक विद्यालयका विद्यार्थीहरूको प्रतिवेदन लेखन क्षमताको मध्यमान ४१.४४ र मानक विचलन १०.३९ रहेको देखिन्छ । उक्त तथ्याङ्कअनुसार समग्र सामुदायिक विद्यालयका विद्यार्थीहरूको मध्यमान ४८.४४ लाई आधार मानी मध्यमानभन्दा तल प्रतिवेदन लेखन क्षमता ल्याउने विद्यार्थी सङ्ख्या २७ जना र ६५ प्रतिशत रहेको देखिन्छ । त्यसैगरी मध्यमानभन्दा माथि ल्याउने विद्यार्थी सङ्ख्या २३ र प्रतिशत ४६ रहेको पाइन्छ ।

माथिको तालिकाअनुसार मध्यमान र मानक विचलनका आधारमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको प्रतिवेदन लेखन क्षमताको स्थितिलाई स्तम्भ चित्रमा देखाइएको छ :


**चित्र १८ : मध्यमान र मानक विचलनका आधारमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको प्रतिवेदन लेखन क्षमताको स्थिति**




स्रोत : स्थलगत अध्ययन, २०७३ ।

माथिको स्तम्भ चित्रमा देखाइएअनुसार सर्लाही जिल्लाका कक्षा एघारमा अध्ययनरत सामुदायिक विद्यालयका विद्यार्थीहरूको प्रतिवेदन लेखन क्षमताको अध्ययन गर्दा मध्यमानभन्दा तल ५४ प्रतिशत ल्याइएको पाइयो भने मध्यमानभन्दा माथि ४६ प्रतिशत रहेको पाइयो । माथि दिइएको स्तम्भचित्रलाई वृत्तचित्रमा यसरी देखाइएको छ :

**चित्र १९ : मध्यमान र मानक विचलनका आधारमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको प्रतिवेदन लेखन क्षमताको स्थिति**




स्रोत : स्थलगत अध्ययन, २०७३ ।

माथिको वृत्तचित्रमा देखाइएअनुसार सर्लाही जिल्लाका कक्षा एघारमा अध्ययनरत सामुदायिक विद्यालयका विद्यार्थीहरूको प्रतिवेदन लेखन क्षमताको अध्ययन गर्दा मध्यमानभन्दा तल ५४ प्रतिशत ल्याइएको पाइयो भने मध्यमानभन्दा माथि ४६ प्रतिशत रहेको पाइयो ।

### ७.२.२ प्रतिशतका आधारमा संस्थागत विद्यालयका विद्यार्थीहरूको प्रतिवेदन लेखन क्षमताको अध्ययन

प्रतिशतका आधारमा संस्थागत विद्यालयका विद्यार्थीहरूको प्रतिवेदन लेखन क्षमतालाई तालिकामा यसरी प्रस्तुत गरिएको छ :

**तालिका १७ : प्रतिशतका आधारमा संस्थागत विद्यालयका विद्यार्थीहरूको प्रतिवेदन लेखन क्षमताको अध्ययन**

| संस्थागत विद्यालयका विद्यार्थी सङ्ख्या | २० प्रतिशत भन्दा कम | | २०-३९ प्रतिशतसम्म | | ४०-५९ प्रतिशतसम्म | | ६०-७९ प्रतिशतसम्म | | ८० प्रतिशत भन्दा माथि | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | ० | ० | १३ | २६ | २३ | ४६ | १४ | २८ | ० | ० |


स्रोत : स्थलगत अध्ययन, २०७३ ।

उपर्युक्त तालिकालाई पाँच खण्डमा विभाजन गरिएको छ । संस्थागत विद्यालयका विद्यार्थीसङ्ख्या ५० जना मध्ये न्यूनतम श्रेणीको रूपमा निर्धारण गरिएको २० प्रतिशतभन्दा कम प्रतिवेदन लेखन क्षमता भएका विद्यार्थी शून्य रहेको पाइयो । २० प्रतिशत भन्दा माथि र ३९ प्रतिशतसम्म प्रतिवेदन लेखन क्षमता भएका संस्थागत विद्यालयका विद्यार्थीहरूको सङ्ख्या १३ जना र प्रतिशत २६ रहेको देखिन्छ । ४० प्रतिशतभन्दा माथि र ५९ प्रतिशतभन्दा कम प्रतिवेदन लेखन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या २३ र प्रतिशत ४६ रहेको देखियो । प्रस्तुत अध्ययनमा ६० प्रतिशतभन्दा माथि र ७९ प्रतिशतभन्दा कम प्रतिवेदन लेखन क्षमता भएका

विद्यार्थीहरूको सङ्ख्या १४ र प्रतिशत २८ रहेको देखिन्छ भने उच्चतम श्रेणीको रूपमा मापन गरिएको ८० प्रतिशतभन्दा माथि प्रतिवेदन लेखन क्षमता भएका विद्यार्थी शून्य रहेको पाइयो ।

माथिको तालिकाअनुसार संस्थागत विद्यालयका विद्यार्थीहरूको प्रतिवेदन लेखन क्षमताको स्थितिको स्तम्भ चित्रमा देखाइएको छ :

**चित्र २० : प्रतिशतका आधारमा संस्थागत विद्यालयका विद्यार्थीहरूको प्रतिवेदन लेखन क्षमताको अध्ययन**





स्रोत : स्थलगत अध्ययन, २०७३ ।

माथिको तालिकालाई स्तम्भ चित्रमा देखाउँदा सर्लाही जिल्लाका कक्षा एघारमा अध्ययनरत विद्यार्थीहरूको प्रतिवेदन लेखन क्षमता २० प्रतिशतभन्दा कम ल्याउने विद्यार्थी सङ्ख्या शून्य देखियो । त्यसैगरी २०-३९ प्रतिशतसम्म ल्याउने २६ प्रतिशत, ४०-५९ प्रतिशत ल्याउने ४६ प्रतिशत, ६०-७९ प्रतिशत ल्याउने २८ प्रतिशत र ८० प्रतिशतभन्दा माथि ल्याउने विद्यार्थी शून्य रहेको पाइयो । समग्रमा प्रतिवेदन लेखन क्षमता सामान्य रहेको देखिन्छ ।

माथिको स्तम्भ चित्रलाई वृत्तचित्रमा यसरी देखाइएको छ :

**चित्र २१ : प्रतिशतका आधारमा संस्थागत विद्यालयका विद्यार्थीहरूको प्रतिवेदन लेखन क्षमताको अध्ययन**




स्रोत : स्थलगत अध्ययन, २०७३ ।

माथिको स्तम्भ चित्रलाई वृत्तचित्रमा देखाइएको छ । यहाँ सर्लाही जिल्लाका कक्षा एघारमा अध्ययनरत विद्यार्थीहरूको प्रतिवेदन लेखन क्षमता २० प्रतिशतभन्दा कम ल्याउने विद्यार्थी सङ्ख्या शून्य रहेको पाइयो । त्यसैगरी २०-३९ प्रतिशतसम्म ल्याउने २६ प्रतिशत, ४०-५९ प्रतिशत ल्याउने ४६ प्रतिशत, ६०-७९ प्रतिशत ल्याउने २८ प्रतिशत र ८० प्रतिशतभन्दा माथि ल्याउने विद्यार्थी शून्य पाइयो । समग्रमा प्रतिवेदन लेखन क्षमता सामान्य रहेको देखियो ।

### ७.२.२.१ मध्यमान र मानक विचलनका आधारमा संस्थागत विद्यालयका विद्यार्थीहरूको प्रतिवेदन लेखन क्षमताको अध्ययन

मध्यमान र मानक विचलनका आधारमा संस्थागत विद्यालयका विद्यार्थीहरूको प्रतिवेदन लेखन क्षमतालाई तालिकामा यसरी प्रस्तुत गरिएको छ :

**तालिका १८ : मध्यमान र मानक विचलनका आधारमा संस्थागत विद्यालयका विद्यार्थीहरूको प्रतिवेदन लेखन क्षमताको अध्ययन**


| संस्थागत विद्यालयका विद्यार्थी सङ्ख्या | समग्र संस्थागत विद्यालयका मध्यमान | समग्र संस्थागत विद्यालयको मानक विचलन | मध्यमानभन्दा तल | | मध्यमानभन्दा माथि | |
|---|---|---|---|---|---|---|
| | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | ४९.८२ | १२.०३ | २५ | ५० | २५ | ५० |

स्रोत : स्थलगत अध्ययन, २०७३ ।

माथिको तालिकामा देखाइएअनुसार सर्लाही जिल्लाका कक्षा एघारमा अध्ययनरत संस्थागत विद्यालयका विद्यार्थीहरूको प्रतिवेदन लेखन क्षमताको मध्यमान ४९.८२ रहेको देखिन्छ । उक्त तथ्याङ्कअनुसार समग्र संस्थागत विद्यालयका विद्यार्थीहरूको प्रतिवेदन लेखन क्षमताको मध्यमानलाई आधारमान्दा मध्यमान भन्दा तल २५ जना र प्रतिशत ५० रहेको पाइन्छ । मध्यमानभन्दा माथि प्रतिवेदन लेखन क्षमता भएका संस्थागत विद्यालयका विद्यार्थी सङ्ख्या २५ जना र प्रतिशत ५० रहेको छ । जसले गर्दा पनि स.स्थागत विद्यालयका विद्यार्थीहरूको प्रतिवेदन लेखन क्षमता सामुदायिक विद्यालयका विद्यार्थीहरूको भन्दा राम्रो मानिए पनि समग्रमा सामान्य नै रहेको पाइयो । त्यसैगरी संस्थागत विद्यालयका विद्यार्थीहरूको मानक विचलन १२.०३ रहेको देखिन्छ ।

माथिको तालिकाअनुसार मध्यमान र मानक विचलनका आधरमा संस्थागत विद्यालयका विद्यार्थीहरूको प्रतिवेदन लेखन क्षमताको स्थितिलाई स्तम्भ चित्रमा देखाइएको छ :


**चित्र २२ : मध्यमान र मानक विचलनका आधारमा संस्थागत विद्यालयका विद्यार्थीहरूको प्रतिवेदन लेखन क्षमताको अध्ययन**




स्रोत : स्थलगत अध्ययन, २०७३ ।

माथिको स्तम्भ चित्रमा देखाइएअनुसार सर्लाही जिल्लाका कक्षा एघारमा अध्ययनरत संस्थागत विद्यालयका विद्यार्थीहरूको प्रतिवेदन लेखन क्षमताको अध्ययन गर्दा मध्यमानभन्दा तल ५० प्रतिशत ल्याएको पाइयो भने मध्यमानभन्दा माथि ५० प्रतिशत नै रहेको देखिन्छ । त्यसैले संस्थागत विद्यालयको विद्यार्थीहरूको प्रतिवेदन लेखन मध्यम नै रहेको देखिन्छ । माथिको स्तम्भचित्रलाई वृत्तचित्रमा यसरी देखाइएको छ :

**चित्र २३: मध्यमान र मानक विचलनका आधारमा संस्थागत विद्यालयका विद्यार्थीहरूको प्रतिवेदन लेखन क्षमताको अध्ययन**




स्रोत : स्थलगत अध्ययन, २०७३ ।

माथि देखाइएको वृत्तचित्र अनुसार सर्लाही जिल्लाका कक्षा एघारमा अध्ययनरत संस्थागत विद्यालयका विद्यार्थीहरूको प्रतिवेदन लेखन क्षमता मध्यमानभन्दा तल ५० प्रतिशत ल्याएको पाइयो भने मध्यमानभन्दा माथि ५० प्रतिशत नै रहेको पाइन्छ । त्यसैले मध्यमान र मानक विचलनका आधारमा प्रतिवेदन लेखन क्षमता सामुदायिक विद्यालयको भन्दा राम्रो भए पनि संस्थागत सामुदायिक विद्यालयको भन्दा राम्रो भए पनि संस्थागत विद्यालयको विद्यार्थीहरूको प्रतिवेदन लेखन क्षमता मध्यम नै रहेको देखिन्छ ।

## ७.३ निष्कर्ष

विद्यालयको प्रकृतिका आधारमा सर्लाही जिल्लाका सामुदायिक विद्यालय भन्दा संस्थागत विद्यालयमा अध्ययनरत कक्षा एघारका विद्यार्थीहरूले प्रतिवेदन लेखन क्षमता राम्रै भए पनि संस्थागत विद्यालयका विद्यार्थीहरूको प्रतिवेदन लेखन क्षमता मध्यमानभन्दा तल र माथि ५० प्रतिशत नै रहेको पाइन्छ । त्यस्तै मानक विचलन संस्थागत विद्यालयको भन्दा सामुदायिक विद्यालयको राम्रो रहेको देखिन्छ । यसरी तुलनात्मक रूपमा भन्दा सर्लाही जिल्लाका सामुदायिक र संस्थागत विद्यालयमा पढने कक्षा एघारका विद्यार्थीहरूको मध्यमान क्रमशः ४८.२२ प्रतिशत र ४९.२ प्रतिशत रहेकाले पनि प्रतिवेदन लेखन क्षमता मध्यम स्तरको रहेको पाइन्छ ।

# अध्याय : आठ

# सारांश, निष्कर्ष र उपयोगिता

## ८.१ सारांश

प्रस्तुत अध्ययन सर्लाही जिल्लाका २०७३ सालमा अध्ययनरत कक्षा एघारका विद्यार्थीहरूको प्रतिवेदन लेखन क्षमताको अध्ययन गरिएको छ । अध्ययनलाई पूर्णता दिन विभिन्न किसिमका अध्ययन विधिहरूको प्रयोग गरिएको छ । अध्ययनका क्रममा विद्यार्थीहरूमा लिखित प्रश्नहरूका माध्यमबाट उनीहरूको क्षमता परीक्षण गरिएको छ । यहाँ पाँच सामुदायिक र पाँच संस्थागत विद्यालयका १०० जना विद्यार्थीहरूलाई प्रतिनिधि जनसङ्ख्याका रूपमा लिइएको छ ।

प्रस्तुत शोधपत्रमा अध्याय एकमा शोधपरिचय शीर्षक राखिएको छ । यस अध्ययनमा अध्ययनको पृष्ठभूमि, समस्याकथन, शोधको उद्देश्य रहेको छ भने यसै अध्यायमा शोधको औचित्य र अध्ययनको सीमाङ्कनका साथै शोधको रूपरेखाका बारेमा लेखिएको छ ।

अध्याय दुईमा पूर्वकार्यको समीक्षा गरिएको छ भने पूर्वकार्यको महत्त्वको चर्चा गरिएको छ । त्यस्तै सैद्धान्तिक अवधारणाको परिचय पनि यसै अध्यायमा दिइएको छ । प्रतिवेदनको परिचय प्रकार, ढाँचा, कार्यकलाप आदिका बारेमा पनि थप जानकारी गराइएको छ ।

अध्याय तिनमा शोध विधि र प्रक्रियाको बारेमा चर्चा भएको छ भने यस विधि र प्रक्रिया अन्तर्गत नै विभिन्न उपशीर्षकहरूको बारेमा चर्चा गर्दै तथ्याङ्क संकलनका स्रोत लगायतका कुरा र अंकन प्रक्रियाका बारेमा चर्चा गरिएको छ ।

अध्याय चारमा सर्लाही जिल्लाका कक्षा एघारमा अध्ययनरत समग्र विद्यार्थीको प्रतिवेदन लेखन क्षमताको प्रतिशत, मध्यमान र मानक विचलनलाई स्तम्भचित्र र वृत्तचित्रमा प्रस्तुत गर्दा विभिन्न तथ्यांकहरूको प्रयोग गरिएको छ ।

अध्याय पाँचमा विद्यालयको प्रकृतिको आधार सर्लाही जिल्लाका सामुदायिक विद्यालयभन्दा संस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थीका प्रतिवेदन लेखन क्षमता राम्रो रहेको देखाउन विभिन्न तथ्यांकहरूलाई तालिकीकरण गरी व्याख्या र विश्लेषण गरिएको छ ।

अध्याय छ मा सर्लाही जिल्लाका कक्षा एघारमा अध्ययनरत विद्यार्थीहरूको लैङ्गिकताका आधारमा प्रतिवेदन लेखन क्षमताको बारेमा चर्चा गर्दा विभिन्न तथ्यांकको अवलम्बन गरी व्याख्या विश्लेषण गरिएको छ भने अध्याय सातमा भाषिक प्रकृतिका आधारमा सर्लाही जिल्लाका कक्षा एघारमा अध्ययनरत विद्यार्थीहरूको प्रतिवेदन लेखन क्षमताको विश्लेषण गरिएको छ ।

प्रस्तुत शोधपत्रको अन्तिम अध्यायमा शोधको सारांश, निष्कर्ष र उपयोगिताका साथै भावी अनुसन्धानका शीर्षकहरू दिइएको छ ।

## ८.२ निष्कर्ष

सर्लाही जिल्लाका कक्षा एघारका विद्यार्थीहरूको प्रतिवेदन लेखन क्षमताको अध्ययनबाट निम्नलिखित निष्कर्ष निकालिएको छ :

(१) समग्र विद्यार्थीहरूको प्रतिवेदन लेखन क्षमताको प्रतिशताङ्क स्थिति गणना गर्दा ५० प्रतिशत विद्यार्थीहरूले मात्र ४०-६० प्रतिशतसम्म प्रतिवेदन लेखन क्षमताको मापन गराउन सफल दखिनाले सर्लाही जिल्लामा कक्षा एघारका विद्यार्थीको प्रतिवेदन लेखन क्षमता सामान्य रहेको देखिन्छ ।

(२) समग्र विद्यार्थीहरूको समग्र मध्यमानका आधारमा प्रतिवेदन लेखन क्षमताको मापन गर्दा मध्यमान ४९.१३ भन्दा माथि ४७ प्रतिशत विद्यार्थीहरू मात्र देखिनाले पनि प्रतिशत लेखन क्षमतामा मध्यम स्तरको स्थिति देखिन्छ ।

(३) प्रतिशताङ्क स्थितिलाई आधार मानेर हेर्दा ४० देखि ५९ प्रतिशत ल्याउने छात्रा सङ्ख्या ४४ प्रतिशत रहनुले पनि छात्राहरूको प्रतिवेदन लेखन क्षमता छात्रको तुलनामा कमजोर नै देखिन्छ ।

(४) छात्रहरूको प्रतिवेदन लेखन क्षमतालाई प्रतिशताङ्क गणनाका आधारमा हेर्दा मध्यमानभन्दा माथि ५२ प्रतिशत रहेकाले छात्राको तुलनामा छात्रको प्रतिवेदन लेखन क्षमता राम्रो देखिन्छ ।

(५) भाषिक प्रकृतिका आधारमा पहिलो भाषी नेपाली विद्यार्थीहरूको प्रतिवेदन लेखन क्षमतालाई केलाएर हेर्दा ६० प्रतिशतभन्दा माथि क्षमतामापन गराउन सफल ४२ प्रतिशत अङ्कित गरिनुले पहिलो भाषी नेपाली विद्यार्थीहरूको प्रतिवेदन लेखन क्षमता सन्तोषप्रद नै मानिन्छ ।

(६) दोस्रो भाषी नेपाली विद्यार्थीहरूको प्रतिवेदन लेखतन क्षमतालाई केलाएर हेर्दा ६० प्रतिशतभन्दा माथि देखिनाले दोस्रो भाषी नेपाली विद्यार्थीहरूको प्रतिवेदन लेखन क्षमता कमजोर रहेको देखिन्छ ।

(७) विद्यालयको प्रकृतिका आधारमा सामुदायिक र संस्थागत विद्यार्थीहरूको प्रतिवेदन लेखन क्षमताको मध्यमान क्रमशः ४८.४४ र ४९.८२ रहेको देखिन्छ । यही मध्यमानलाई आधार मानी तुलनात्मक रूपमा संस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको प्रतिवेदन लेखन क्षमता राम्रो रहेको छ ।

(८) संस्थागत विद्यालयका विद्यार्थीहरूको प्रतिवेदन लेखन क्षमतालाईमापन गर्दा ४०.५९ प्रतिशत रहनुले सामुदायिक विद्यालयको तुलनामा सन्तोषप्रद नै देखिन्छ ।

(९) समग्र विद्यार्थी सङ्ख्याका आधारमा नेपाली पहिलो भाषी र दोस्रो भाषी विद्यार्थीहरूको तुलना गर्दा पहिलो भाषी नेपाली विद्यार्थीको तुलनामा दोस्रो भाषी विद्यार्थीहरूको प्रतिवेदन लेखन क्षमता कमजोर रहेको पाइन्छ ।

## ८.३ उपयोगिता

प्रतिवेदन लेखन क्षमता लेखाइ सिपसँग सम्बन्धित कार्यकलाप हो । भाषाको दुई रूप मौखिक र लिखित रूप हो । मौखिक रूप भाषाको मूल रूप हो भने लिखित रूप चाहिँ भाषाको विकसित रूप हो । यही विकसित रूप लेखन कला भाषिक सिपहरू मध्ये सबैभन्दा स्तरीय भाषिक सिप हो । लेखन कलाको कार्यकलापमध्ये प्रतिवेदन लेखन पनि एक हो । प्रतिवेदन लेखनले लेखाइ सिपसँग सम्बन्ध राख्दछ । यही प्रतिवेदन लेखनले व्यक्तिको मौलिकता, क्षमता, दक्षता, सिर्जनात्मकता, प्रसङ्गअनुसार शब्दको प्रयोग गर्ने क्षमता जस्ता सिपहरूको विकास गर्दछ । त्यसैले गर्दा प्रतिवेदन लेखन क्षमता अध्ययनको उपयोगिता शैक्षणिक प्रयोजनका निम्ति अति आवश्यक रहेको पाइन्छ । प्रतिवेदन लेखनको उपयोगिता निम्न दुई तहमा रहेको छ :

### ८.३.१ नीतिगत तह

प्रस्तुत अध्ययनले विद्यार्थीको भाषिक सिप विकासमा सहयोग पुऱ्याउँछ । यस अध्ययनले विद्यार्थीको प्रतिवेदन लेखन क्षमता विकाससम्बन्धी नीति निर्माण पार्नमा सहयोग पुऱ्याउँछ । विद्यार्थीमा प्रतिवेदन लेखन क्षमता विकास गर्दा पाठ्यपुस्तक समावेश गर्ने, शिक्षकलाई के कस्ता तालिमहरू उपलब्ध गराउने, विद्यार्थीहरूलाई प्रतिवेदन लेखन क्षमता विकास गर्न कस्ता कस्ता क्रियाकलापहरू सञ्चालन गर्ने आदि

पक्षमा यस अध्ययन केन्द्रित रहेकाले प्रस्तुत अध्ययन नीतिगत तहमा पनि उपयोगी देखिन्छ ।

### ८.३.२ प्रयोगगत तह

भाषाका चार सिपमध्ये लेखाइ सिपलाई महत्त्वपूर्ण सिप मानिन्छ । लेखाइ सिपअन्तर्गत प्रतिवेदन लेखन अति आवश्यक पक्ष मानिन्छ । यो विद्यार्थीलाई भाषिक व्यवहार सञ्चालन गर्न, आफ्ना अभिव्यक्ति कुशल ढङ्गले प्रस्तुत गर्न र अझ भनौं दैनिक व्यवहारमा कुनै पनि कार्यक्रमहरूको लिखित विवरण प्रस्तुत गर्न उपयोगी देखिन्छ । विद्यार्थीहरूको प्रतिवेदन लेखन क्षमताको विकास गर्न, प्रतिवेदन लेखन शिक्षण क्रियाकलापलाई प्रभावकारी र उद्देश्यमूलक बनाउन, विद्यार्थीहरूको लेखाइ क्षमताको मूल्याङ्कन गरी कक्षा शिक्षण प्रभावकारिता ल्याउन, शिक्षकलाई पाठ्यविषयवस्तुसँग सम्बन्धित शैक्षिक सामग्री र शिक्षक निर्देशिकाको भाषिक सिपसँग सम्बन्धित अन्य नयाँ अनुसन्धान गर्न उपयोगी देखिन्छ । विद्यार्थीले दैनिक रूपमा प्रयोग हुन विषयवस्तु भएको हुँदा प्रस्तुत अध्ययन प्रयोगगत तहमा पनि अत्यन्तै उपयोगी रहेको छ ।

## ८.४ भावी अनुसन्धानका लागि सम्भावित शीर्षकहरू

निम्नलिखित शीर्षकहरू अनुसन्धानको शीर्षकका लागि प्रस्तावित छन् :

(१) कक्षा एघारका विद्यार्थीहरूको समवेदना लेखन क्षमता,

(२) कक्षा एघारका विद्यार्थीहरूको निमन्त्रणा लेखन क्षमता,

(३) कक्षा एघारका विद्यार्थीहरूको विज्ञापन लेखन क्षमता,

(४) कक्षा १० मा अध्ययनरत विद्यार्थीहरूको बुँदा टिपोट क्षमता,

(५) कक्षा एघारका विद्यार्थीहरूको व्यक्तिवृतान्त लेखन क्षमता ।

Ph. 046-520789, 521788

# PADMA RATNA VIDYA MANDIR

HIGHER SECONDARY BOARDING SCHOOL & COLLEGE
Affiliated to HSEB & TU
Malangwa, Sarlahi
Estd:2057
BE GOOD DO GOOD

Reg. No. :-
Corp. No. :-

Date : २०७३-०५-२३

विषय :- प्रमाणित गरिएको बारे

जो जस संग सम्बन्ध राख्दछ ।

प्रस्तुत विषयमा त्रि.वि. शिक्षाशास्त्र संकाय नेपाली भाषा शिक्षा विभाग कीर्तीपुरबाट स्नातकोत्तर उपाधी हासिल गर्न आफ्नो शोधपत्र तयार गर्ने क्रममा सन्तोष गैरापिप्लीले आजका मितिमा यस विघालयका कक्षा ११ मा अध्ययनरत विधार्थीहरुलाई नेपाली विषय अन्तर्गत प्रतिवेदन लेखन कार्य कुशलता का साथ सम्पन्न गराएको व्योहोरा प्रमाणित गरिन्छ ।

विघालय निजको कार्य सफलतालाई धन्यावाद सहित उत्तरोतर प्रगतिको कामना गर्दछ ।

प्राचार्य

PRINCIPAL